**सगुन बचत तथा ऋण सहकारी संस्था लि.**
**हरिवन न.पा. ११, सर्लाही**
**विनियम २०५७ (संशोधन सहित २०७३) पुनर्लेखन २०८२**

पूर्वस्वीकृति मितिः

**प्रस्तावना**

सहकारीका अन्तर्राष्ट्रिय मूल्य, मान्यता र सिद्धान्तहरुका आधारमा सदस्यहरुमा छरिएर रहेको स-साना पूँजीहरुलाई एकिकृत गर्दै सदस्यहरुलाई आफुले आर्जन गरेका आयबाट नियमित रुपमा बचत गर्ने बानी बसाल्न उत्प्रेरित गरि संकलन भएको बचत रकमबाट आवश्यक भएका सदस्यहरुलाई सीपमुलक तालिम, आयआर्जन कार्यक्रम लगायत आर्थिक संकट टार्न उचित ब्याजदरमा ऋण लगानी गरि सदस्यहरुका निर्वाचित प्रतिनिधिद्वारा संचालित एवं प्रजातान्त्रिक पद्धतिबाट नियन्त्रित सहकारी संस्थाको माध्यमद्वारा प्रत्येक सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासको लागि विभिन्न सामुदायिक विकास, शिप र सवलीकरणका कामहरु गर्न एक सहकारी संस्थाको गठन गरी संचालन गर्न आवश्यक भएकोले प्रदेश सहकारी ऐन, २०७९ तथा नियमावली,२०८० अनुसार मिति २०८२।०६।०६को २६औं साधारण सभाले पुनर्लेखन गरी यो विनियम बनाएको छ।

**परिच्छेद १**
**प्रारम्भिक**

**१.संक्षिप्त नाम र प्रारम्भः**

(क) यस विनियमको नाम सगुन बचत तथा ऋण सहकारी संस्था लि.को विनियम, २०५७ **(संशोधन सहित २०७३) पुनर्लेखन २०८२** रहेको छ ।

(ख) यो विनियम नियामक निकायबाट स्वीकृत भएपछि तुरुन्त लागु हुनेछ ।

**२.संस्थाको नाम, ठेगानाः**

(क) संस्थाको नामः- सगुन बचत तथा ऋण सहकारी संस्था लिमिटेड रहनेछ ।
अंग्रेजीमा Sagun Savings & Credit Cooperative Society Ltd. रहनेछ। छोटकरीमा SAGUN SACCOS रहनेछ ।

(ख) संस्थाको ठेगानाः- संस्थाको मुख्य कार्यालय मधेश प्रदेशको सर्लाही जिल्ला हरिवन नगरपालिका वार्ड नं.११ मा रहनेछ। सदस्यहरुको आवश्यकतालाई ध्यान दिदै वागमती न.पा. १, लालबन्दी न.पा. ७, ईश्वरपुर न.पा. ६, हरिपुर न.पा. २ र बरहथवा न.पा. ६ मा सदस्य सेवाकेन्द्र रहनेछन ।

ग) सेवाकेन्द्रहरु- सदस्यको आवश्यकता अनुरुप नियमनकारी निकायबाट अनुमति लिई थप सेवाकेन्द्र संचालन गरिनेछ ।

(घ) नियामक निकायको पूर्व स्वीकृति लिई मात्र ठेगाना परिवर्तन गरिनेछ, संस्थाका बढी सदस्यहरुलाई पायक पर्ने ठाँउमा कार्यालय राखिने छ ।

(ङ) सामान्यतया कार्यालय राख्दा समान प्रकृतिको अर्को सहकारी संस्था रहेको एउटै भवन प्रयोग गरिने छैन ।

(च) ठेगाना परिवर्तनको सूचना अनिवार्य रुपमा आफ्ना सदस्यहरु, सम्वन्धित निकाय, सम्बन्धित सरकारी कार्यालय तथा सहकारीका छाता संघहरुमा दिइनेछ ।

(छ) सहकारी संस्थाको कार्यालय सबै सदस्यहरुको सहज पहुँच हुने र देखिने स्थानमा राखिने छ ।

(ज) संस्थाको साइनबोर्डमा स्पष्ट बुझिने गरी संस्थाको नाम, ठेगाना, स्वीकृत लोगो, कार्यक्षेत्र र सम्पर्कका लागि उपलब्ध फोन, इमेल, वेवसाइट उल्लेख गरिनेछ ।

(झ) सम्पर्क वा पत्राचारको माध्यममा गरिने परिवर्तनको सूचना सबै सदस्य र सम्बन्धित सबै सरकारी निकाय तथा सहकारीका छाता संघहरुमा गराइनेछ ।

(ञ) समितिले संस्थाको कार्यालयमा सबैले देख्ने ठाँउमा निम्न कुराहरु खुलेको वित्तीय सूचना पाटी राखी सम्बन्धित सबैलाई सुसूचित गर्नेछः-

(१) संस्थाको प्रमुख कारोवार ।

(२) कुल सदस्य संख्याः

(३) कारोवारको विवरण - यस अन्तर्गत कूल संकलित शेयर पुँजी, कुल बचत निक्षेप संकलन, कुल लगानी र कारोवारबाट भएको मुनाफा उल्लेख गरिनेछ। यस्तो विवरण लेखा परीक्षण गरेको गत आर्थिक बर्षको श्रेस्ताको आधारमा राखिनेछ ।

(४) लिने, दिने ब्याज दर ।

(५) सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीको नाम, ठेगाना र सम्पर्क फोन राखिनेछ ।

## <u>३. परिभाषाः</u>

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियममाः-

(क) "सदस्य" भन्नाले यस विनियम बमोजिम शेयर खरिद गरि संस्थाको दायित्व निर्वाह गर्न तयार भई सदस्यता प्राप्त गरेका ब्यक्तिलाई बुझ्नु पर्दछ ।

(ख) "शेयर" भन्नाले संस्थाको शेयर पुजीको विभाजित अंशलाई जनाउँदछ ।

(ग) "शेयर प्रमाण-पत्र" भन्नाले शेयर किन्ने ब्यक्तिलाई सो वापत संस्थाबाट दिईएको निस्सालाई सम्झनु पर्छ ।

(घ) "संचालक" भन्नाले यस विनियम बमोजिम निर्वाचित संस्थाका संचालकलाई बुझ्नु पर्छ र सो शब्दले अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष तथा सदस्यहरुलाई समेत जनाउँदछ ।

(ङ) "बचत" भन्नाले सदस्यहरुले संस्थामा जम्मा गरेको रकमलाई सम्झनु पर्दछ ।

(च) "ऋण"भन्नाले संस्थाले विनियमको अधीनमा रही निश्चित शर्त र सम्झौताका आधारमा भविष्यमा निर्धारित दरमा व्याज वापतको रकम थप समेत गरी फिर्ता वुझाउने गरी सदस्यलाई लगानी गरिएको रकमलाई सम्झनु पर्दछ ।

(छ) "समिति" भन्नाले संस्थाको संचालक समिति तथा लेखा सुपेरिवेक्षण समितिलाई बुझाउँदछ ।

(ज) "उप-समिति" भन्नाले विनियम अनुसार तोकिएका तथा संस्थाद्धारा कुनै निश्चित कार्य तथा अवधि तोकि गठन गरिएको उप-समितिलाई समेत सम्झनु पर्दछ ।

(झ) "रजिष्ट्रार" भन्नाले सहकारी विभागका दर्ता अधिकारी, रजिष्ट्रार वा निजबाट अधिकार प्राप्त अधिकारीलाई जनाउँनेछ ।

(ञ) ऐन "भन्नाले प्रदेश सहकारी ऐन, २०७९ लाई सम्झनु पर्दछ। सो शब्दले सहकारी ऐन, २०७४ लाई समेत जनाउनेछ ।

(ट) "विनियम" भन्नाले संस्थाको विनियम २०५७ (संशोधन सहित २०७३) पुनर्लेखन २०८२ लाई सम्झनु पर्नेछ ।

(ठ) "नियामावली "भन्नाले प्रदेश सहकारी नियमावली २०८० लाई सम्झनुपर्दछ। सो शब्दले सहकारी नियमावली, २०७५ लाई समेत जनाउनेछ ।

(ड) "आर्थिक वर्ष" भन्नाले प्रत्येक अघिल्लो वर्षको श्रावण एक गतेदेखि पछिल्लो वर्षको आषाढ मसान्त सम्मको अवधिलाई सम्झनु पर्दछ । वर्षको गणना गर्दा ३६५ दिनलाई आधार वनाई गणना गरिनेछ ।

(ढ) "पदाधिकारी" भन्नाले संचालक समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्षलाई समेत जनाउनेछ ।

(ण)"सधारण सभा "भन्नाले संस्थाको साधारण सभा लाई सम्झनुपदर्छ ।

(त)"अध्यक्ष "भन्नाले समितिको अध्यक्ष सम्झनुपर्छ ।

(थ)"व्यवस्थापक " भन्नाले संस्थाको प्रबन्धक, मुख्य ब्यवस्थापक, कार्यकारी अधिकृत समेत सम्झनुपर्दछ ।

(द) नियमक निकाय " भन्नाले सहकारीको नियमक निकायलाई सम्झनुपर्दछ ।

**४.संगठित संस्था हुने:**

क. संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ ।

ख. संस्थाको सबै कामकाज प्रमाणित गर्नका लागि अनुसूची १ मा उल्लेख गरिए अनुसार आफ्नो छुटै चिन्ह अंकित छाप रहनेछ ।

ग. संस्थाको छाप सञ्चालक समितिबाट अधिकार प्राप्त व्यक्तिको जिम्मा रहनेछ ।

घ. संस्थाले व्यक्ति सरह प्रचलित कानुन एवं यस विनियमा उल्लेख भए बमोजिम उपभोग गर्न र सम्पती बेचविखन गर्न र कुनै प्रकारको बन्दोवस्त गर्न सक्नेछ ।

ङ. संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्ने सक्ने छ र सो उपर पनि सोहि नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

च. संस्थाले व्यक्ति सरह करार गर्न सक्नेछ ।

**५. सहकारी सिद्धान्त र आबद्धता**

(क) अन्तर्राष्ट्रिय सहकारी महासंघद्वारा पारित सहकारीका निम्न सात सिद्धान्तहरु यस विनियमको अभिन्न अंग हुनेछन् । यी सिद्धान्तहरुको अनुशरण गर्ने र गराउने गरी संस्थाका क्रियाकलापहरु निर्देशित हुनेछन् ।

(१) स्वेच्छिक तथा खुला सदस्यता ।

(२) सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण ।

(३) सदस्यहरुको आर्थिक सहभागिता ।

(४) स्वायत्तता तथा स्वतन्त्रता ।

(५) शिक्षा, तालिम र सूचना ।

(६) सहकारीहरु बीच सहयोग ।

(७) समुदाय प्रति चासो ।

(ख) बचत तथा ऋणको कारोवार गर्दा विश्व ऋण परिषद (WOCCU)द्वारा प्रतिपादित देहायका ३ वटा सिद्धान्तहरुलाई पनि मार्गदर्शकका रुपमा लिइनेछ ।

(१) प्रजातान्त्रिक संरचना:

१.१ खुल्ला र स्वेच्छिक सदस्यता,

१.२ प्रजातान्त्रिक नियन्त्रण,

१.३ समानता,

(२) सदस्यलाई सेवाः

२.४ सदस्यलाई सेवा,

२.५ सदस्यहरुलाई लाभांश वितरण,

२.६ आर्थिक स्थायित्व,

(३) सामाजिक उद्देश्यहरु

३.७ अनवरत शिक्षा,

३.८ सहकारीहरु बीच सहयोग,

३.९ सामाजिक दायित्व,

ग) संस्थाले आफ्नो क्षमता अनुसार सदस्यता प्राप्त गर्नुपर्ने उपल्लो निकायहरुमा सदस्यता प्राप्त गर्नुका साथै आर्थिक कारोवार समेत ती संस्थाहरु मार्फत गर्ने व्यवस्था मिलाउनेछ ।

## परिच्छेद– २
## उद्देश्य र कार्य

**६. उदेश्य**

सदस्यहरुको आर्थिक, सामाजिक तथा साँस्कृतिक विकासका लागि संस्थाको देहायमा उल्लेख भए बमोजिमको उद्देश्यहरु हुनेछन्ः

**क.** संस्थामा संलग्न सदस्यहरुमा मितव्ययिताको भावना जागृत गराई नियमित बचत गर्ने बानीको विकास गर्नु,

**ख.** सदस्यहरुको व्यक्तिगत एवम् सामुहिक क्षमता अभिबृद्धि गरी स्वावलम्वी एवम् आत्मनिर्भर समाजको निर्माणमा योगदान पुऱ्याउनु,

**ग.** सदस्यहरुको प्राथमिक आवश्यकता र आयआर्जन क्षमताको पहिचान गरी उत्पादनशिल र आयमूलक क्षेत्रमा सदस्यहरु मार्फत लगानी प्रवर्धन गर्नु,

**घ.** आत्मनिर्भरता तथा आत्मविश्वास सम्बन्धि धारणा बारे सदस्यहरुलाई उत्प्रेरित गर्नु,

**ङ.** दातृ निकायहरुबाट कुनै सर्त नराखी प्राप्त हुने चन्दा तथा अनुदान स्वीकार गर्नु,

**च.** संस्थागत एवं सदस्यहरुको आर्थिक विकासका लागि विभिन्न आयमूलक कार्यक्रमहरु सञ्चालन गर्नु,

**छ.** समाजका कमजोर वर्ग र निम्न आय भएका व्यक्ति वा समूहको आर्थिक सामाजिक उत्थानमा सहयोग गर्नु।

**ज.** सर्वसाधारण जनताका आर्थिक अवस्थाको विकास र प्रबद्र्धनमा समर्पित राष्ट्रिय तथा अन्तराष्ट्रिय संगठनहरुको दाँजोमा पुग्ने उद्देश्य लिई गठित केन्द्रिय संघको सदस्यता ग्रहण गर्ने ।

**झ.** आफ्ना उद्देश्य पुरा गर्नका लागि समान उद्देश्य भएका स्थानीय, क्षेत्रिय, राष्ट्रिय र अन्तराष्ट्रिय संस्थाहरुसँग सहयोगात्मक भावना राख्ने ।

**७.कार्यहरुः**

**क.** सदस्यहरुबाट स्वीकृत आन्तरिक कार्यविधि अनुसार बचत तथा निक्षेप संकलन गर्ने ।

**ख.** सदस्यहरुलाई स्वीकृत आन्तरिक कार्यविधि अनुसार ऋण लगानी गर्ने ।

**ग.** नियमित रुपमा सदस्यहरुबाट बचत निक्षेप प्राप्त गर्नुका साथै समय सापेक्ष बचत निक्षेपमा प्रतिस्प्रर्धात्मक दरको ब्याज दिने,

**घ.** उत्पादनशिल, आयमुलक, सिपमुलक उद्देश्यका लागि सदस्यहरुलाई समय सापेक्ष सुलभ दरमा ब्याजदरमा ऋण प्रदान गर्ने,

**ङ.** विनियमको अधिनमा रही अन्य संघ-संस्थाबाट ऋण लिने र परिचालन गर्ने ।

**च.** सहकारीताबारे सदस्यहरुको चेतना जगाउने क्रियाकलाप सञ्चालन गर्ने ।

**छ.** सदस्यहरुलाई सीपमूलक तालिमको अवसर प्रदानगरी व्यावसायिक सीप अभिवृद्धि गर्ने ।

**ज.** शिक्षा, स्वास्थ्य, आवास, यातायात, कृषि, उद्योग, ब्यापार लगायतका विभिन्न क्षेत्रमा कार्यक्रम तय गरी तत्सम्वन्धि काममा सदस्यहरुलाई व्यक्तिगत वा सामुहिक रुपमा ऋण प्रवाह गर्ने ।

**झ.** सदस्यहरुलाई सूचना प्रवाह गरी व्यावसायीक ज्ञान र अवसरमा पहुँच बढाउने काम गर्ने ।

**ञ.** कारोवारको मुनाफा बाट केही अंश छुट्याई सदस्यहरु तथा सदस्यहरुको परिवारलाई रचनात्मक कार्यमा उत्प्रेरित गर्ने खालका कार्यक्रम सञ्चालन गर्ने ।

**ट.** विनियममा व्यवस्था भएका विविध कोषहरुको प्रभावकारी ढंगले उपयोग गर्ने ।

**ठ.** नेपालमा संचालित विभिन्न वैंक, वित्तिय संस्था तथा मनि ट्रान्सफर कम्पनीहरु सँगको सहकार्यमा (MONEY TRANSFER) विप्रेषण सेवा सञ्चालन गर्ने।

**ड.** सदस्यहरुको समृद्धि र विकासको अधिकतम हितलाई ध्यानमा राखी सहकारी ऐन, नियमहरु र यस संस्थाको विनियममा व्यवस्था भए बमोजिम दैनिक कार्य संचालनका साथै चल अचल सम्पत्ति आर्जन गर्ने,क्रय विक्रय गर्ने, हस्तान्तरण गर्ने, धरौटी राख्ने, धितो बन्धक राख्ने कार्य गर्ने ।

**ढ.** नेपाल सरकार, नेपाल राष्ट्र बैंक, वाणिज्य बैंकहरु, वित्त कम्पनीहरु, विकास बैंकहरु तथा संघ-संस्थाहरुबाट थोक कर्जा लिई सदस्यहरुलाई आयमूलक लघु कर्जा प्रदान गर्ने।

**ण.** कानून बमोजिम संस्थाले उपभोग गर्न पाउने छुट तथा सहुलियत सुविधाहरुको उपभोग गर्ने ।

**त.** विद्युतिय सेवा तथा नविनतम प्रविधि मार्फत सदस्यहरुलाई सेवा पुऱ्याउने।

**थ.** संस्थाको सदस्यता प्रदान तथा शेयर बिक्री गर्ने, शेयर फिर्ता गर्ने।

**द.** सदस्यहरुलाई दैनिक जीवनमा आवश्यक पर्ने विविध कामहरुमा न्यूनतम सेवा शुल्क लिई वा नलिई सेवा पुर्याउने काम गर्ने ।

**ध.** आफ्ना सदस्यहरुलाई सानातिना जोखिमबाट पार पाउन सदस्यहरुको बिमा, योगदानमा आधारित सामुहिक सुरक्षण र सहयोग उपलब्ध गराउन संस्थागत प्रबन्ध गर्ने ।

**न.** बचत समुह निर्माण गरि बचत तथा ऋण परिचालन गर्ने ।

**प.** सामाजिक उत्तरदायित्वको कार्यहरु गर्ने।

माथि उल्लेखित कार्य गर्न प्रचलित कानुन बमोजिम अन्य कुनै निकायबाट स्वीकृति लिनुपर्ने वा सम्झौता गर्नु पर्ने भएमा सो गरी नियमनकारी निकायलाई जानकारी गराए पछि मात्र कार्य सञ्चालन गरिनेछ ।

**८.कार्यक्षेत्रः**

कार्यक्षेत्रः संस्थाको कार्यक्षेत्र सर्लाही जिल्ला भरी रहनेछ । सदस्यहरुको माग बमोजिम सर्लाही जिल्लाको निम्न स्थानमा सदस्य सेवाकेन्द्रहरु संचालनमा रहनेछ।वागमती न.पा वडा नं. १, लालबन्दी

न.पा. वडा नं. ७, वरहथवा न.पा.को वार्ड नं. ६, हरिपुर न.पा.को वार्ड नं. २, ईश्वरपुर न.पा.को वार्ड नं. ६ र मलंगवा न.पा.

## परिच्छेद – ३
## सदस्यता

**९.संस्थाको सदस्यताः**

एकै उद्देश्य एवं समान आयस्तर भएका र निश्चित भौगोलिक क्षेत्र भित्र बसोबास गर्ने, व्यवसाय संचालन गरि वसेका तथा गैर व्यवसायीक कार्य गर्ने ब्यक्तिहरुद्धारा आर्जित ब्यक्तिहरुको रकम आयबाट नियमित रुपले बचत गरी सहकारीताको भावना, सदस्यहरुको जिवन स्तर र उनीहरुको आर्थिक सामाजिक अवस्था सुधार गर्न सहयोग पु¥याउन ईच्छुक ब्यक्तिहरुले संस्थाको सदस्यता लिन ईच्छा ब्यक्त गरेमा विनियमको अधिनमा रही त्यस्तो ब्यक्तिलाई सदस्यता प्रदान गर्न सकिनेछ । तर सदस्य हुन चाहेका ब्यक्तिले निर्धारित ढाँचामा दर्खास्त दिनु पर्नेछ र सदस्यले दर्खास्तमा आफ्नो क्षमता अनुरुप अनिवार्य नियमित बचत गर्ने रकम उल्लेख गर्नुपर्नेछ ।

(१) देहायका प्राकृतिक व्यक्तिहरु संस्थाको सदस्य हुनेछन्ः

क. संस्था दर्ता गर्न निवेदन दिने व्यक्तिहरु र

ख.दफा १० बमोजिम योग्यता पुगेका तथा दफा ११ बमोजिम सदस्यता वा दफा १५ बमोजिम पुनः सदस्यता प्राप्त गरेका व्यक्तिहरु

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका साथै नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएका निकायहरु, उपभोक्ता समितिहरु, शिक्षा र स्वास्थ्य सहकारी, प्रचलित कानुन बमोजिम स्थापित गैर नाफामुलक गुठी, समुह वा संस्था ले संस्थाको शेयर खरिद गरी सदस्य हुन सक्नेछन्।

**१०. सदस्यताको योग्यताः**

(१) संस्थाको सदस्यता प्राप्त गर्न देहायको योग्यता पुगेको हुनुपर्नेछः

(क) नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको ।

(ख) संस्थाको कार्यक्षेत्र स्थायी रुपमा वा एक वर्षदेखि नियमित रुपमा बसोबास भएको,

(ग) संस्थाको सेवा उपभोग गर्न चाहने र जिम्मेवारी वहन गर्न स्वीकार गरेको ।

(घ) संस्थाको विनियमको पालना गर्न मञ्जुर गरेको ।

(ङ) प्रचलित कानूनले अयोग्य नठहरिएको ।

(च.) स्वीकृत विनियम बमोजिम प्रवेश शुल्क बुझाएको र शेयर खरीद गरेको ।

(छ) संस्थासँग प्रतिस्पर्धा हुने गरी संस्थाको कार्ययोजनामा गर्ने भनिएको कारोबार नभएको,

(ज) सोही जिल्ला भित्रको अन्य समान प्रकृतिको सहकारी संस्थामा सदस्य नभएको स्वःघोषणा गरेको ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्पत्ति शुद्धिकरण निवारण कानून बमोजिम पहिचान तथा सम्पुष्टि हुन नसकेको खण्डमा सदस्यता योग्यता नपुगेको मानिनेछ ।

## ११. सदस्यताको लागि निवेदन र प्राप्तिः

सदस्यता प्राप्त गर्न चाहने व्यक्तिले तोकिएको ढाँचामा आवश्यक विवरण खोली आवश्यकता अनुसार सोको प्रमाण संलग्न गरी निवेदन पेश गरेपछि आवश्यक जाँचबुझ गरी सञ्चालक समितिको निर्णय बमोजिम सदस्यता प्रदान गरिनेछ ।

## १२. सदस्यताको अन्त्यः

(१) कुनै पनि सदस्यको सदस्यता देहायमा उल्लेख भएको अवस्थामा कायम रहने छैनः

(क) मृत्यु भएमा,

(ख) मानसिक सन्तुलन विग्रिएमा,

(ग) सदस्यले आफ्नो सदस्यता त्याग गरेमा,

(घ) लगातार वार्षिक साधारणसभामा विना सूचना तीन पटक सम्म अनुपस्थित भएमा,

(ङ) संस्था विघटन भएमा,

(च) संस्थालाई हानि नोक्सानी हुने काम गरेको प्रमाणित भएमा,

(छ) ऐन तथा प्रचलित कानून बमोजिम सदस्यले पालना गर्नुपर्ने प्रावधानको बारम्बार उल्लँघन गरेमा,

(ज) विनियमको दफा १० मा उल्लेखित सदस्यताको लागि चाहिने कुनै योग्यता नरहेमा वा दफा १३ अनुसार सदस्यताबाट निष्कासन भएमा।

(झ) समान प्रकृतिको अन्य सहकारी संस्थामा सदस्य वा संचालकको कुनै पदमा रहेको पाइएमा ।

(ट) सम्पूर्ण शेयर हस्तान्तरण गरेमा वा शेयर वापतको रकम फिर्ता लिएमा ।

(ठ) फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा।

(२) उपदफा (१) मा जेसुकै कुरा लेखिएको भएता पनि कुनै सदस्यले संस्थाबाट प्राप्त गरेको ऋण वा संस्थालाई तिर्नु पर्ने बाँकी बक्यौता भुक्तानी गर्न बाँकी रहेछ भने त्यस्तो सदस्यले र त्यस्तो सदस्यको तर्फबाट धितो वा जमानत बस्ने अरु कुनै सदस्यले संस्थाको सदस्यताबाट राजीनामा गर्न पाउने छैन। राजीनामा स्वीकृत भईसकेको रहेछ भने पनि निजले संस्थालाई तिर्नुपर्ने दायित्ववाट उन्मुक्ति पाउनेछैन ।

## १३. सदस्यको निष्कासनः

(१) संचालक समितिले छानविन गरी एवं सफाईको मौका समेत दिई कुनै सदस्यलाई निम्न आधारमा बहुमतको निणर्यले सदस्यताबाट निष्काशन गर्न सक्नेछः-

क .संस्थाको संचालन र प्रगतिमा हानी हुने कुनै किसिमको कार्य गरेमा,

ख .संस्थाको स्वीकृत नीति नियम बर्खिलाप काम गरेमा,

ग .संस्थाको प्रतिष्ठामा आँच आउने कार्य गरेमा,

घ .संस्थाको चल अचल सम्पती हिनामिना गरिएको प्रमाणित भएमा,

ङ .विनियममा व्यवस्था भएबमोजिम सदस्य हुन आवश्यक योग्यता नरहेमा,

च .संस्थालाई हानी नोक्सानी हुने काम गरेको प्रमाणित भएमा ।

(२) उपदफा (१) बमोजिम कुनै सदस्यलाई सञ्चालक समितिले निष्काशन गर्नु अघि आफुलाई लागेको आरोप सम्बन्धमा स्पष्टीकरण दिने र आरोपको खण्डन गर्ने वा आवश्यक प्रमाण प्रस्तुत गर्न बढीमा ३५ दिनको म्याद दिईने छ ।

(३) छानबीनका क्रममा समितिको बहुमतको निर्णयले सम्बन्धित सदस्यलाई निलम्बन गरी संस्थाबाट कुनै खास सेवा सुविधा नपाउने गरी बढीमा एक वर्ष सम्मको लागि बन्देज लगाउन सक्नेछ।

(४) उपदफा (१) र (२) अनुसारको निर्णयमा चित्त नबुझेमा साधारण सभा वा रजिष्ट्रार समक्ष पुनरावदेन गर्न सक्नेछ र साधारण सभा वा रजिष्ट्रारले गरेको निर्णय अन्तिम हुनेछ।

**१४. सदस्यताबाट राजीनामाः**

(१) कुनै सदस्यलाई संस्थाको सेवा तथा सुविधा आफूलाई आवश्यक छैन भन्ने लागेमा सदस्यताबाट राजीनामा दिन सक्नेछ ।तर, सदस्यता छाड्न चाहने सदस्यले संस्थाबाट लिएको ऋण वा अन्य कुनै वाँकी वक्यौता चुक्ता गर्न बाँकी रहेको खण्डमा त्यस्तो सदस्य र त्यस्तो सदस्यको जमानत बस्ने कुनै पनि सदस्यले राजीनामा दिन पाउने छैन ।

(२) सदस्य र त्यस्तो सदस्यको जमानत बस्ने सदस्यको राजीनामा स्वीकृत भई सकेको रहेछ भने पनि त्यस्तो व्यक्तिले संस्थालाई तिर्नु बुझाउनुपर्ने दायित्ववाट छुट पाउनेछैन ।

(३) सदस्यता छाड्नका लागि लिखित राजिनामा आर्थिक वर्ष समाप्त हुनु तीन महिना अगावै समितिलाई प्राप्त हुने गरी पेश गर्नु पर्नेछ। यस्तो राजिनामा चालु आर्थिक वर्षको अन्तिम दिनको भोलिपल्ट देखि लागु हुने गरी समितिले स्वीकृत गर्नेछ।

**१५. पुनः सदस्यताः**

सदस्यताबाट दिएको राजिनामा समितिबाट स्वीकृत भई संस्थाको सदस्यताबाट हटेको व्यक्तिले पुनः सदस्यता प्राप्त गर्न चाहेमा राजिनामा स्वीकृत भएको मितिले एक वर्षपछि मात्र पुनः रीतपूर्वक संस्थामा निवेदन दिएमा पुनः सदस्यता प्राप्त गर्न सकिनेछ।

**१६. सदस्यको काम, कर्तव्य र अधिकारः** (१) सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

**क.** एक सदस्य एक मतको आधारमा आफ्नो मताधिकार प्रयोग गर्ने,
**ख.** साधारण सभाबाट निर्वाचित भई संस्थाको नेतृत्व लिने वा सरिक हुने,
**ग.** संस्थामा नियमित रुपमा बचत गर्ने र सो मा निर्धारित ब्याज प्राप्त गर्ने,
**घ.** सदस्यहरुको हितमा सञ्चालकहरुलाई आवश्यक सल्लाह र सहयोग पुऱ्याउने,
**ङ.** संस्थाको साधारण सभामा सहभागी भई छलफलमा भाग लिने तथा संस्थाको गतिविधिका वारेमा प्रश्न गर्ने,
**च.** साधारण सभाको विभिन्न विषयमा गरिने निर्णयमा आफ्नो मतको प्रयोग गर्ने,
**छ.** संस्थाले सदस्यका लागि संचालन गरेका (बचत, ऋण तथा अन्य) सुविधाको उपभोग गर्ने,

ज. सहकारीका प्रचलित कानुन र सहकारीका सर्वमान्य सिद्धान्त बमोजिम संस्था संचालन नभएको पाएमा सुधार गर्ने अभियानमा सकृयाता लिने ।

**१७. सदस्यता खुल्ला रहनेः**

विनियम बमोजिम सदस्यता लिन योग्यता भएका व्यक्तिहरुलाई संस्थाको सदस्यता प्राप्ति सधै खुल्ला रहनेछ।

**१८. सदस्यता प्राप्ति, पुनः प्राप्ति र राजीनामा स्वेच्छिक हुनुपर्नेः**

प्रचलित सहकारी कानून बमोजिम सदस्यले सदस्यता प्राप्त गर्न, पुनः प्राप्त गर्न र सदस्यता छोड्न चाहेमा स्वच्छिक रुपमा छोड्न सकिनेछ।

## परिच्छेद – ४
## पूँजी परिचालन सम्वन्धि व्यवस्था

**१९. शेयर पूँजीः**

(१) संस्थाको सेवा सञ्चालनको लागि आवश्यक रकम यथाशक्य सदस्यहरुले दफा २० बमोजिम सदस्यताको शर्त स्वरुप र दफा २१ बमोजिम स्वेच्छाले खरिद गरेको सेयरबापतको पुँजीको रुपमा जुटइनेछ।

(२) संस्थाको एक सेयरको मूल्य रु १००। (रुपैंया एक सय) हुनेछ।

(३) संस्थाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका साथै नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएका निकायहरुलाई सेयर विक्रि गर्न सक्नेछ। तर, अन्य कुनै कृत्रिम व्यक्तिलाई सेयर विक्रि गर्ने छैन।

(४) संस्थाले सार्वजानिक रुपमा विज्ञापन गरी शेयर विक्री गर्ने छैन।

(५) संस्थाले अर्को प्रारम्भिक सहकारी संस्थाको शेयर खरीद गर्ने छैन । तर सहकारीको सिद्धान्त बमोजिम सहकारी संस्थाहरु वीच आपसी सम्झौता बमोजिम संयुक्त रुपमा कुनै कार्यक्रम संचालन गर्न वा संस्थाको हितको लागि कारोवार गर्न सक्नेछ।

**२०. सदस्य बन्न कम्तीमा दस शेयर खरिद गर्नुपर्नेः**

संस्थाको सदस्य बन्नको लागि कम्तीमा दश सेयर खरिद गर्नुपर्नेछ। सदस्यको तीनपुस्ते विवरण खुल्ने गरी सदस्य दर्ता किताबमा अभिलेख राख्नु पर्नेछ।

**२१. थप शेयर खरिद गर्न सक्नेः**

थप शेयर सम्बन्धमा औषत शेयर खरिद गर्न सदस्यलाई प्रोत्साहन गरिनेछ । तर संस्थाको कुल सेयर पुंजीको १० प्रतिशत नबढ्ने गरी कुनै सदस्यले जतिसुकै पनि सेयर खरिद गर्न सक्नेछ।

**२२. शेयर फिर्ता वा हस्तान्तरणः**

क .कुनै सदस्यको सदस्यता कायम नरहेमा निजले शेयर खरिद गरी संस्थामा लगानी गरेको रकम संस्थाको चालु आर्थिक वर्षको हिसाबजाँच पश्यात निजले पाउनु पर्ने देखिएको रकम फिर्ता

पाउनेछ। सदस्यहरुको औषत शेयर भएको अवस्थामा एकलाख भन्दा बढि शेयर खरिद गर्ने सदस्यहरुको सो भन्दा बढी रकम शेयर फिर्ता गर्न बाधा पर्नेछैन ।

ख .सदस्यले लिएको शेयर हस्तान्तरण गर्न चाहेमा संस्थाका सदस्यहरु भित्र मात्र हस्तानान्तरण गर्नु पर्नेछ।

ग. कुनै सदस्यको मृत्यु भएमा वा निको नहुने गरी बुहलाएको प्रमाणित भएमा निजको नाममा रहेको र संस्थाबाट निजलाई प्राप्त हुने हक निजले कुनै हकवाला मनोनित गरेको रहेछ भने सो हकवालालाई र नभए प्रचलित कानून बमोजिमको हकवालाको नाममा नामसारी गरि दिईनेछ।

**२३.प्रवेश शुल्कः**

सदस्यता प्राप्तिको लागि प्रवेश शुल्क रु ११० (एक सय दशमात्र) फिर्ता नहुने गरी हुनेछ। निवेदन स्वीकार भएको अवस्थामा निवेदकले निवेदन शुल्क रु. १०। र प्रवेश शुल्क बापत रु १००। गरि जम्मा रु.११०।( फिर्ता नहुने गरि) बुझाउनु पर्नेछ ।

**२४.कृत्रिम छेकवार नलगाइनेः**

(१) संस्थाको सदस्यता प्राप्त गर्न चाहने व्यक्तिलाई दफा ११ को उपदफा (१) बमोजिम योग्यता नपुगेको वा उपदफा (२) मा उल्लेखित अवस्था भएकोमा बाहेक दफा २१ बमोजिम खरिद गर्नुपर्ने एक सेयरको वा दफा २४ बमोजिम बुझाउनु पर्ने प्रवेश शुल्कको रकम बढी राखेर वा औपचारिक वा अनौपचारिक रुपमा अघि र अहिलेको हिसाब मिलाउने वा अन्य कुनै प्रकारको सम्मतिको निहुँपिउँमा खुला सदस्यताको सर्वमान्य सहकारी सिद्धान्त विपरित कृत्रिम छेकबार लगाईने छैन।

(२) कुनै निवेदकले उपदफा (१) बमोजिम आफूलाई कृत्रिम छेकबार लगाईएको भन्ने लागेमा साधारण सभा वा दर्ता गर्ने समक्ष उजुरी दिन सक्नेछ।

**२५. शेयर प्रमाण-पत्रः**

संस्थाले सदस्यहरुलाई सेयर खरिद गरे बापत संस्थाको छाप लागेको र अधिकार प्राप्त पदाधिकारीको हस्ताक्षर भएको अनुसूची-२ बमोजिमको सेयर प्रमाण पत्र जारी गर्नेछ। सेयर प्रमाणपत्र हराएमा वा नासिएमा रु १००। (रुपैंया एक सय) तिरी सदस्यले अर्को प्रमाणपत्र प्राप्त गर्न सक्नेछन्।

**२६. सदस्यको दायित्व सिमित हुनेः**

(क) सदस्यको दायित्व आफूले लिएको शेयर रकमसम्म मात्र सीमित रहनेछ ।

(ख) संस्थाको विनियम, बिभिन्न कायविधि तथा संस्थाका निर्णयहरु पालना गर्नु सम्पूर्ण सदस्यको दायित्व हुनेछ ।

## परिच्छेद – ५

## साधारणसभा सम्वन्धि व्यवस्था

साधारण सभाः संस्थामा निम्न अनुसार तीन किसिमका साधारण सभा हुनेछ ।

क) प्रारम्भिक साधारण सभा
ख) बार्षिक साधारण सभा
ग) विशेष साधारण सभा

**२७. प्रारम्भिक साधारण सभाः**

१) संस्था दर्ता भएको मितिले तिन महिना भित्र प्रारम्भीक साधारण सभा बोलाईनेछ ।
२) उपदफा (१) बमोजिम प्रारम्भीक साधारण सभा नबोलाईएको अवस्थामा सदस्यले सम्बन्धित दर्ता निकायमा निवेदन दिन सक्नेछ र सहकारी ऐन, नियम अनुसार प्ररम्भीक सभा बोलाउन सक्नेछ ।
३) संस्थाको कुल सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरुको उपस्थिती भएमा प्रारम्भिक साधारण सभा संचालन गर्न गण पुरक संख्या पुगेको मानिनेछ ।
४) प्रारम्भिक साधारण सभाले देहायका कार्यहरु गर्नेछ ।
(क) सभाको सभापतिको निर्वाचन गर्ने ।
(ख) साधारण सभाको अघिल्लो दिनसम्मको संस्थाको काम कावाहीको हर हिसाबको जानकारी लिने ।
(ग) सभामा पेश भएका प्रारम्भीक प्रतिवेदन माथी छलफल गर्ने र निर्देशन दिने ।
(घ) विनियममा तोकिए बमोजिमको समिति र उप-समितिको निर्वाचन गर्ने ।

प्रारम्भिक साधारण सभा सम्बन्धी व्यवस्था प्रचलित सहकारी कानून बमोजिम हुनेछ।

**२८. वार्षिक साधारणसभाः**

**संस्थाका सम्पुर्ण शेयर सदस्य भएको एउटा साधारणसभा हुनेछ ।**

(१) प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्र संचालक समितिले बार्षिक साधारण सभा गरिसक्नु पर्नेछ।
(२) उपदफा (१) बमोजिम वार्षिक साधारणसभा नबोलाएको अवस्थामा कुनै सदस्यले त्यस्तो सभा बोलाउन रजिष्ट्रार समक्ष निवेदन दिएमा वा नदिएमा पनि रजिष्ट्रारले वा निजले तोकेको व्यक्तिले त्यस्तो सभा बोलाउन सक्नेछ। यसरी सभा बोलाएमा सभा संचालनमा चाहिने सम्पूर्ण सहयोग संस्था सम्बद्ध पक्षले गर्नु पर्ने र आर्थिक दायित्व संस्थाबाट व्याहोरिने छ ।
(३) उपदफा (१) र उपदफा (२) बमोजिम वार्षिक साधारण सभा वोलाउँदा सभा हुने स्थान समय, मिति, लेखा परिक्षण प्रतिवेदन तथा छलफलका विषयहरु समेत खुलेको विवरण कम्तीमा ३० दिन अगावै सदस्यहरुलाई सार्वजानिक रुपमा सूचना दिनुपर्ने कर्तव्य सञ्चालक समितिले निर्वाह गर्नेछ ।
(४) वार्षिक साधारण सभाको गणपुरक संख्या तत्काल कायम रहेको कुल सदस्य संख्याको ५१ प्रतिशत हुनेछ।
(५) पहिलो पटक गणपुरक संख्या नपुगी दोश्रो पटक सभा बोलाउनु परेको अवस्थामा सदस्यहरुलाई कम्तीमा ७ दिनको अर्को सूचना दिनुपर्ने छ। यसरी दोश्रो पटक बोलाएका साधारण सभामा संचालक समितिको बहुमत सहित एक तिहाई साधारण सदस्य को उपस्थित भएमा गणपुरक मानिनेछन । तर दोश्रो पटक सभा वोलाउँदा पनि गणपुरक संख्या नपुगेमा तेश्रो पटक सभा वोलाईने र सो सभामा जतिसुकै सदस्यको उपस्थिति भए पनि सभा संचालन गरिनेछ।

(६) वार्षिक सधारण सभाको सभापतित्व समितिको अध्यक्षले गर्नेछ। अध्यक्षको अनुउपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थितमा उपस्थित सञ्चालकहरु मध्ये ज्येष्ठ सञ्चालकले गर्नुपर्ने छ ।
प्रस्तावका विषय माथि छलफल गर्दा सभामा उपस्थित सदस्यहरुको बहुमतबाट निर्णय गरिनेछ तर मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछन् ।यसै साधारण सभाले संचालक समिति, लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्नेछ ।

**२९. विशेष साधारण सभाः**

(१) ऐन तथा नियमावलीमा उल्लेख भएबमोजिमको अवस्था र विधिअनुसार संस्थाको विशेष साधारण सभा बस्नेछ।
(२) उपदफा (१) को अवस्थाका साथै संस्थाको कार्यसञ्चालनका सिलसिलामा जुनसुकै महत्वपूर्ण निर्णय गर्नुपर्ने वा त्यस्तो निर्णयका लागि आवश्यक लेखाजोखा वा प्रस्तावको मस्यौदा गर्नु अगावै सैद्धान्तिक स्वीकृत वा मार्गदर्शन लिनुपर्ने अवस्थामा समितिले विशेष साधारण सभा बोलाउन सक्नेछ।
संस्थाको विशेष साधारण सभा देहायको अवस्थामा १५ दिनको सूचना दिई संचालक समितिले बोलाउन सक्नेछ । सूचना गर्ने प्रक्रिया नियमित साधारण सभा झै अवलम्बन गरिनेछः-
(क) संस्थाको हिसाब जाँचको सिलसिलामा लेखापरीक्षकले पर्याप्त कारण देखाई संचालक समिति समक्ष सुझाव पेश गरेमा वा
(ख) लेखा परिवेक्षण समितिले यथेष्ट कारण समेत खोली समितिलाई लिखित सुझाव पेश गरेमा वा
(ग) संचालकले उचित कारण खोली विशेष साधारण सभा बोलाउन माग गरेको प्रस्ताव समितिद्वारा पारित भएमा वा
(घ) संस्थाको कुल सदस्यको २५ प्रतिशत संख्याले पर्याप्त कारण देखाई संचालक समिति समक्ष निवेदन दिएमा ।
(२) बिशेष साधारण सभामा कुल सदस्य संख्याको २५ प्रतिशत सदस्यहरु उपस्थित भएमा मात्र सभाको काम कारवाही शुरु हुने र गणपुरक संख्या पुगेको मानिनेछ ।

**३०. साधारणसभाको बैठकः** (१) साधारण सभाको बैठक डाकिएको सूचना र कार्यसूची सबै सदस्यहरुले समयमै प्राप्त गर्ने गरी SMS, FM, Radio पत्रपत्रिकालगायत सम्भव भएसम्म स्थानीय सञ्चारका बहुमध्यमबाट दिनुपर्नेछ।

(२) सधारण सभाको बैठकमा सदस्यहरु प्रत्यक्ष भौतिकरुपमा उपस्थित हुनुपर्नेछ।

(३) समितिले साधारण सभाको बैठकमा पेस गरिने विषयको प्रस्तावका साथै निर्णयमा पुग्न सहयोगी कागजात सदस्यहरुलाई बैठक बस्ने दिनअगावै यथासक्य उपलब्ध गराउनुपर्दछ वा सजिलै उपलब्ध हुन सक्ने गरी व्यवस्था मिलाउनुपर्दछ।

(४) साधारण सभाको बैठकमा उद्घाटनको कार्यक्रममा धेरै समय खर्च गर्नुहुदैन तथा विचार विमर्शका लागि पर्याप्त समय छुट्याउनु पर्दछ।

(५) सधारण सभाको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्ति, उपस्थित सञ्चालकहरुका साथै समितिको कुल सदस्य सङ्ख्याभन्दा कम्तीमा एक जना बढी अर्थात १० जना हुने गरी बैठकले उपस्थित साधारण सदस्यहरु मध्येबाट चुनेका सदस्यहरुले प्रत्येक पानामा सहीछाप गरी प्रमाणित गर्नुपर्दछ।

(६) ऐन तथा नियमावलीको व्यवस्थाअनुसार सदस्य सङ्ख्या पन्ध्र सय नाघेपछि एकै स्थानमा सबै जना जम्मा भएर साधारण सभाको बैठक गर्न असुविधा परी वडा-वडामा वा पायकको स्थान-स्थानमा समान कार्यसूची राखेर साधारण सभा डाक्नु पर्दा प्रत्येक स्थानमा सञ्चालक तथा लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरुलाई सबैलाई उपस्थितिका लागि डाक्नुपर्दछ।

(७) उपदफा ६ बमोजिमको साधारण सभाको बैठक तथा सञ्चालनको विधि प्रचलित सहकारी कानून बमोजिम हुनेछ।

(८) साधारण सभाको बैठकको कार्यविधिका सम्बन्धमा अन्य व्यवस्था प्रचलित सहकारी कानून तथा रजिष्ट्रारले तोकिदिएबमोजिम हुनेछ।

## ३१. साधारणसभाको काम, कर्तव्य र अधिकारः

(१) साधारण सभाका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सञ्चालक समितिका पदाधिकारीलाई हटाउने वा समितिको वा लेखा पेरिवेक्षण समितिको विघटन गर्ने,

(ख) निर्वाचनमा सहभागी भई सञ्चालक समिति र लेखा सुपेरिवेक्षण समितिको चयन गर्ने,

(ग) सञ्चालक समिति तथा लेखा सुपेरिवेक्षण समितिको प्रतिवेदन उपर छलफल गरि निर्देशन दिने,

(घ) सहकारी ऐन नियम विपरित नहुने गरी विनियम संशोधनको प्रस्ताव उपर छलफल गरी निर्णय गर्ने,

(ङ) मिनहा सम्बन्धी प्रस्ताव उपर छलफल र निर्णय गर्ने,

(च) सञ्चालक समितिले पेश गरेको वार्षिक कार्यक्रम उपर छलफल गरी स्वीकृत प्रदान गर्ने, प्रगति प्रतिवेदन, वार्षिक लेखा परिक्षण प्रतिवेदन, स्थिति विवरण पत्र र आर्थिक विवरणहरु समिक्षा गर्ने र पारित गर्ने,

(छ) लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने,

(ज) नियमित बचत, आवधिक बचत, ऋणको किसिम र सोमा वितरण गरिने ब्याजको प्रतिशत सम्बन्धमा छलफल गरी निर्णय गर्ने,

(झ) संस्थाले लिन दिने सोको अधिकतम ऋण वा धरौटीको सिमा तोक्ने,

(ञ) एक तह माथिको सहकारी संघहरुको प्रतिनिधित्व गर्ने प्रतिनिधि तोक्ने,

(ट) संस्थाको आर्थिक प्रशासन कार्यविधि, कर्मचारी प्रशासन कार्यविधि, तथा बचत ऋण कार्यविधि, पारित गर्ने तथा परिमार्जन गर्ने,

(ठ) साधारण सभामा अध्यक्षले पेश गर्ने अन्य कुनै प्रस्ताव उपर विचार गर्ने,

(ड) रजिष्ट्रार वा निजबाट अधिकार प्राप्त अधिकारीले संस्थामा गरेको निरिक्षण प्रतिवेदन उपर छलफल गर्ने र सञ्चालकहरुलाई निर्देशन दिने,

(ढ) सञ्चालक समितिलाई मार्गदर्शन गर्ने,

(ण) संस्थाको विभाजन, एकिकरण विघटन सम्बन्धी निर्णय गर्ने,

(त) संस्थाको विवादित विषयहरुमा आवश्क निर्णय लिने,

(थ) संस्था सञ्चालनको लागि आवश्यक पर्ने कर्मचारीहरुको दरवन्दी स्वीकृत गर्ने वा थप घट गर्ने।

(द)सदस्य निष्काशन सम्बन्धमा संचालक समितिले गरेको निर्णको अनुमोदन गर्ने ।

(ध)संचालक समितिको सिफारिस अनुसार लाभांस वितरणको निर्णय गर्ने ।

(न)संस्थाको आर्थिक, प्रशासनिक तथा अन्य नियमहरु अनुमोदन गर्ने।

(प)अध्यक्षको राजीनामा स्वीकृती गर्ने ।

(फ)अन्य संस्थालाई दिर्घकालिन रुपमा लाभ, असर पुर्‍याउने कामको बारेमा छलफल र आबश्यक निर्णय गर्ने ।

**<u>३२. साधारणसभाको निणर्य अनिवार्य हुने:</u>**

यस विनियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको विषयमा साधारणसभाको निणर्य अनिवार्य हुनेछ।

(क) संस्थाको कार्य संचालनका लागि कर्मचारी प्रशासन, परामर्शदाता नियुक्ति, आर्थिक प्रशासन लगायतका कार्यविधिहरु बनाउने ।

(ख) संस्थाले नेपाल सरकार वा प्रदेश सरकारका निकाय, स्थानीय तह, अन्य सहकारी संघ/संस्था, गैर सरकारी संगठनसंगको साझेदारीमा कुनै काम गर्ने सम्बन्धमा निणर्य लिने ।

(ग) निजी क्षेत्रको कुनै उद्योग, व्यवसायसंग संस्थाले व्यावसायिक सम्झौता गर्नुपर्ने अवस्थामा त्यस्तो सम्झौताको ढाँचा समेत तोकी पूर्व स्वीकृति दिने।

(घ) संस्थाले कुनै निकायबाट ऋण लिने वा अन्यथा दिर्घकालीन भैपरि दायित्व सृजना गर्ने।

(ङ) बचत तथा ऋणको ब्याजदर निर्धारण गर्ने।

(च) लेखापरीक्षकको नियुक्ति गर्ने वा पारिश्रमिक तोक्ने ।

(छ) वार्षिक कार्यक्रम बजेटका साथै विभिन्न योजना, आन्तरिक कार्यविधि, रणनीति पारित गर्ने ।

(ज) संचालक वा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरुको सुविधा तोक्ने वा निजहरुलाई सहकारीको राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको सभा, बैठक, मेला वा मेला वा अध्ययन अवलोकन भ्रमण लगायतमा पठाउने।

**<u>३३. गाउँ/टोल/उप-क्षेत्रीय बैठक:</u>**

(१) संस्थाका समस्त क्रियाकलापमा साधारण सदस्यहरु सबैको नियमित रुपमा प्रत्यक्ष एवम रचनात्मक सहभागिता सुगम बनाउन कार्यक्षेत्र अन्तर्गत साधारणतया ३० जना भन्दा बढी सदस्य पर्ने पायकको गाउँ, टोल वा उपक्षेत्र कायम गरिनेछ।

(२) उपदफा (१) बमोजिम कायम गरिएको प्रत्येक गाउँ/टोल/उपक्षेत्रभित्रका सदस्यहरु सबैजना स्वत: सहभागी हुने गरी सदस्य सहभागिताको विस्तारित मञ्चको रुपमा गाउँ/टोल/उपक्षेत्रिय बैठक रहनेछ।

<u>**३४. गाउँ/टोल/उप-क्षेत्रीय बैठकका कार्यहरु:** (१) गाउँ/टोल/उपक्षेत्रीय बैठकका कार्यहरु देहाय बमोजिम हुनेछ:</u>

**क.** सदस्यहरुको आर्थिक उन्नयनका लागि समस्या तथा सम्भावनाहरुको सहभागितामूलक लेखाजोखा गरेर व्यवसायिक योजना तर्जुमा गरी संस्थामा पठाउने,

**ख.** सदस्यहरुका साथै समुदायका सबैले सामना गर्नु परिरहेको सामाजिक जीवन, विकास र संरक्षणतर्फका साझा समस्याहरुको सम्बोधनका लागि सरोकारवालाहरुसँग मिलेर कार्ययोजनाहरु तर्जुमा एवम कार्यान्वयन व्यवस्था मिलाउने,

**ग.** शिक्षा शिविरलगायतका शैक्षिक एवम जनचेतनामूलक गतिविधिहरु विस्तार गरेर समुदायमा सहकारी जागृति ल्याउने,

**घ.** समुदायका विपन्न सदस्यहरुसम्म सदस्यता विस्तार गर्नुका साथै संस्था तथा सम्बन्धित प्रदायकहरुबाट प्राप्त हुने सेवाहरुमा उनीहरुको पहुँच स्थापित गराउने,

**ङ.** संस्थाको नेतृत्व पङतिले सदस्यहरुको अपेक्षाअनुसार कार्य गरे, नगरेको बहस चलाएर विचलनहरुमा खबरदारी गर्ने,

**च.** यस विनियमका व्यवस्था साथै साधारण सभाबाट भएका निर्णयहरुको कार्यान्वयन एवम सोको सिलसिलामा आवश्यक अन्य कार्यहरु गर्ने।

**<u>३५. गाउँ/टोल/उप-क्षेत्रीय बैठकको कार्य व्यवस्थाः</u>**

(१) गाउँ/टोल/उपक्षेत्रिय बैठकको कार्यव्यवस्था मिलाउन एक संयोजन समिति रहनेछ। समितिको संरचना साधारण सभाबाट पास भए बमोजिम हुनेछ।

(२) संयोजन समिति गठन गर्दा उपलब्ध भएसम्म कम्तीमा दुई जना महिला हुनुपर्नेछ।

(३) गाउँ/टोल/उपक्षेत्रिय बैठक प्रत्येक महिना कम्तिमा एकपटक पर्ने गरी आवश्यकता अनुसार बस्नेछ।

(४) गाउँ/टोल/उपक्षेत्रिय बैठकमा अन्तर्गतका सबै सदस्यहरुलाई अनिवार्य रुपमा डाक्नु पर्नेछ। तर, यसमा लेखिएको कुनै कुराले बैठकको कार्यसूची तयार पार्ने वा निर्णय कार्यान्वयन गर्ने सिलसिलामा संयोजन समितिका सदस्यहरु मात्र बसी बैठक राख्न बाधा पर्ने छैन।

(५) गाउँ/टोल/उपक्षेत्रिय बैठकको गणपूर्ती ५१ प्रतिशत हुनेछ र उपस्थित सदस्यहरुको बहुमतबाट निर्णय गर्न सकिनेछ।

## परिच्छेद-६
## प्रतिनिधिमूलक अंगहरु

**<u>३६. संचालक समितिः</u>** (१) संस्थाको दैनिक कार्यसञ्चालनको लागि साधारण सभाले एक-एक जना अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षसमेत जम्मा ९ जनाको सञ्चालक समिति गठन गर्नेछ। सम्भव भए सम्म सञ्चालक समितिको संरचना समावेशी बनाईनेछ।

(२) सञ्चालक समितिको गठन साधारण सभाले सर्वसम्मत भएमा सर्वसम्मत वा निर्वाचन प्रक्रियाबाट गर्नेछ। निर्वाचन गर्दा उपलब्ध भएसम्म कम्तीमा ३३ प्रतिशत महिला पर्ने गरी सुनिश्चित गरिनेछ। निर्वाचन पुर्ब हुने संचालक समतिको बैठकले गरेको निर्णयको आधारमा निर्वाचन समितिले तोकिएको पदाधिकारीको एक पदमा महिला मात्र उमेद्वार हुने ब्यबस्था मिलाउनु पर्नेछ।

(३) सदस्यता लिएको तिन वर्ष व्यतीत नभई सञ्चालकमा उम्मेदवार बन्न सक्ने छैन। अन्य कुनै पनि सहकारी संस्थाको समिति, उपसमिति तथा सल्लाहकार नभएको हुनुपर्ने तथा समान उदेश्यको सहकारी संस्थाको शेयर सदस्य नभएको हुनुपर्नेछ। तर निर्वाचन हुने साधारण सभाको मितिले २

वर्ष अगावै त्यस्तो संस्थाको समिति, उप-समितिको पदाधिकारी तथा सदस्यवाट वाहिरिएको कुनै व्यक्तिलाई माथि उल्लेख भए वमोजिमको उम्मेदवार वन्न वाधा पर्नेछैन्।

(४) सञ्चालकहरुको पदावधि चार वर्ष हुनेछ तथा उनीहरु पुनः निर्वाचित हुन सक्नेछन्। तर एकै व्यक्ति एउटै पदमा दुईपल्टभन्दा बढी निर्वाचित हुन सक्ने छैन र सहकारी संस्थाको समितिका पदाधिकारी र लेखा सुपेरिवेक्षण समिति संयोजकमा दुई कार्यकाल भन्दा बढी अवधिको लागी निर्वाचित हुन सक्नेछैन।

(५) एकाघर परिवारबाट एक भन्दा बढि व्यक्ति एकै अवधिमा सञ्चालकको पदमा वहाल रहन पाउने छैनन्।

(६) सञ्चालकको पद कुनै कारणबाट रिक्त हुन आएमा बाँकी अवधिका लागि लगतै आउने साधारण सभाको उपनिर्वाचनबाट पूर्ति गरिनेछ।

(७) संस्थाको नियमअनुसार तिर्नु पर्ने बाँकी बक्यौता चुक्ता नगरे सम्म समितिको कुनै पदमा उम्मेदवार हुन पाउने छैन।

(८) नयाँ समितिको निर्वाचन नभएसम्म मौजुदा समितिले नै कार्य गर्नेछ।

(९) सञ्चालकको पदावधि समाप्त हुनु अगावै समितिको निर्वाचन गराउने दायित्व समितिको हुनेछ। यस्तो दायित्व र्निवाह नगरी पदावधि वितिसकेको (आर्थिक बर्ष समाप्त भएको छ महिना वितिसकेको) भए ति सञ्चालकहरुले नयाँ सञ्चालक समिति, लेखा सुपरीवेक्षण समितिको निर्वाचनमा उम्मेदवार हुन पाउने छैनन्।

**३७. समितिको काम, कर्तव्य र अधिकारः**

सदस्यहरुको हितलाई ध्यानमा राखी संचालक समितिले देहाय बमोजिमका कार्यहरु गर्नेछः-

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्त बमोजिम सहकारी संस्था सञ्चालन गर्ने,

(ख) आर्थिक तथा प्रशासकीय कार्य गराउने,

(ग) प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा तथा विशेष साधारण सभा बोलाउने,

(घ) साधारण सभाका निणर्यहरू कार्यान्वयन गर्ने, गराउने,

(ङ) संस्थाको नीति, योजना, बजेट तथा बार्षिक कार्यक्रमको तर्जुमा गरी साधारण सभा समक्ष पेश गर्ने,

(च) संस्थाको सदस्यता प्रदान गर्ने तथा सदस्यताबाट हटाउने,

(छ) सेयर नामसारी तथा फिर्ता सम्बन्धी कार्यगर्ने,

(ज) सम्बन्धित संघको सदस्यता लिने,

(झ) विनियम तथा बचत, ऋण, बाह्य ऋण लगायत अन्य आन्तरिक कार्यविधि तयार गरी साधारण सभामा पेश गर्ने,

(झ) सल्लाहकार, उपसमितिहरुको गठन र विगठन गर्ने,

(झ) संस्थाको स्वीकृत दरवन्दीमा योग्याताको अधारमा व्यवस्थापक लगायत अन्य कर्मचारी छनौट र नियुक्तिको प्रक्रिया गर्ने,

(ञ) संस्थाको कार्यक्षेत्र भित्र संस्थाको कारोबार र व्यवसायको हित प्रवर्धनको लागि आवश्यक कार्य गर्ने, गराउने ।

(ट) संस्थाको बचत तथा सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने जिम्मेवारी सञ्चालकहरुको हुनेछ।

(ठ) सदस्यहरुबाट प्राप्त बचत, आवधिक निक्षेप र उनीहरुलाई लगानी गरेको ऋणमा ब्याजदर निर्धारण गर्ने ।

(ड) हर हिसाब सम्बन्धी विवरण प्रमाणित गर्ने ।

(ढ) निर्वाचन समिति गठन गर्ने ।

(ण) साधारण सभाले अधिकार प्रत्यायोजन गरेका अन्य कार्यहरु गर्ने ।

**३८. समितिको बैठकः** (१)संस्थाको कार्यसञ्चालनको लागि समितिको बैठक प्रत्येक महिना नियमित रुपमा बस्नेछ। समितिको दुई बैठक बीच पैंतालिस दिन भन्दा बढीको अन्तर हुनेछैन। अध्यक्ष स्वयमले वा अध्यक्षको निर्देशन अनुसार तोकिएको मिति, स्थान र समयमा सचिवले बोलाउनेछ। आवश्यकता पर्दा एक पटक भन्दा बढी बैंठक बस्न बाधा पर्ने छैन ।

(२) अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ। अध्यक्षको अनुपस्थितिमा उपाध्यक्ष र उपाध्यक्षको पनि अनुपस्थितिमा सञ्चालकहरु मध्येबाट चुनिएको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(३) समितिका एकाउन्न प्रतिशत सञ्चालकहरु बैठकमा उपस्थित भए बैठक सञ्चालनको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) कम्तीमा एकाउन्न प्रतिशत सञ्चालकहरुले समितिको बैठक डाक्न अध्यक्षलाई लिखित सूचना गरेमा ७ दिनभित्र अध्यक्षले बैठक डाक्नुपर्नेछ। उक्त अवधिभित्र बैठक नबोलाएमा समितिको कम्तीमा एकाउन्न प्रतिशत सञ्चालकहरु उपस्थित भई बैठक गर्न सक्नेछन्।

(५) समितिको बैठकमा कुनै संचालक विना सुचना लगातार ३ पटक सम्म अनुपस्थित भएमा संचालक समितिले निजलाई नसिहत दिने तथा पदबाट हटाउन सक्नेछ ।

**३९. लेखा सुपरिवेक्षण समितिः**

(१) नियमित रुपमा संस्थाको आन्तरिक वित्तीय सुशासन कायम गराउन साधारणसभाले ३३ प्रतिशत महिलाको सहभागिता सुनिश्चित गर्दे एक जना संयोजक र दुई जना सदस्यहरु रहेको लेखा सुपरिवेक्षण समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बोजिम लेखा सुपरिवेक्षण समिति गठन गर्दा साधारणसभाका सम्पूर्ण सदस्यहरु मध्येबाट निर्वाचन गरिनेछ ।

(३) लेखा सुपरीवेक्षण समितिका संयोजक वा सदस्यहरुको पदावधि तथा रिक्त पद पूर्ति व्यवस्था सञ्चालक सरह हुनेछ।

(४) लेखा सुपरीवेक्षण समितिको बैठक तिन महिनामा कम्तिमा एक पटक बस्नेछ। बैठक बोलाउने अधिकार संयोजकलाई हुनेछ। आवश्यकता अनुसार मासिक रुपमा पनि बैठक बस्न सक्नेछ ।

**४०. लेखा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकारः** लेखा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(१) प्रत्येक चौमासिकमा संस्थाको आन्तरिक लेखा परिक्षण गर्ने गराउने,

(२) समिति र उपसमितिहरुले गरेको काम कारवाही र खर्च संस्थाको विनियम, सहकारी सिद्धान्त र नियम सम्मत छ छैन जाँच गर्ने,

(३) सदस्यहरुलाई हानी नाक्सानी पुग्ने अवस्थामा देखिएमा वा आन्तरिक लेखा परीक्षणको कार्यमा सञ्चालक वा व्यवस्थापकबाट उचित सहयोग प्राप्त नभएमा वा सकारात्मक कदमहरु संस्थामा तुरुन्त अवलम्वन गर्नु पर्ने अवस्था देखिएमा विशेष साधारण सभा बोलाउन समिति समक्ष अनुरोध गर्ने,

(४) आन्तरिक लेखा परिक्षण सम्बन्धी प्रतिवेदन साधारणसभा समक्ष अनिवार्य रुपमा पेश गर्ने ।

(५) लेखा सुपरिवेक्षण समितिले साधारण सभामा पेश गर्ने प्रतिवेदनमा देहायका विवरण समेटिएको हुनेछ ।

**क.** समितिको बैठक बसेको संख्या,

**ख.** गत वर्ष दिएको सुझाव कार्यान्वयनको अवस्था,

**ग.** अघिल्लो आर्थिक वर्ष र चालु आ.व. को तुलनात्मक आर्थिक विवरण,

**घ.** मुख्य मुख्य उपलब्धी एवम कारोबारका कमजोर पक्षहरु,

**ङ.** सहकारी सिद्धान्तहरु, सहकारी ऐन नियमहरु एवं संस्थाको विनियमका व्यवस्थाहरुको पालनाको अवस्था,

**च.** संस्थाको स्वीकृत बचत परिचालन कार्यविधी एवं अन्य नीतिहरुको पालनाको अवस्था,

**छ.** कर्मचारी व्यवस्थापन सवल पक्ष र दुर्वल पक्षहरु,

**ज.** सञ्चालक समितिको कार्य प्रणाली र त्यसमा सुधार गर्नुपर्ने पक्षहरु,

**झ.** सम्बन्धित नियमक निकाय वा आफ्नो संस्था आवद्ध रहेको संघले संस्थाको कारोवारको जाँच वा अनुगमन गर्दा देखिएका कैफियत , सञ्चालकहरुलाई दिइएका मुख्य सुझावको विवरण तथा पालनको अवस्था,

**ञ.** संस्था सञ्चालनमा व्यवस्थापन पक्षको समग्र मूल्यांकन प्रभावकारिता, मित्तव्ययिता, दक्षता, क्रियाशीलता, कर्मचारीको मनोवलको अवस्था,व्यवसायिकता आदि पक्षको मूल्यांकन,

**ट.** अन्य विवरणहरु ।

(६) लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्यलाई संस्थाको आर्थिक तथा दैनिक प्रशासनिक कार्यमा सहभागी गराउन सकिने छैन।

**<u>४१. समिति वा लेखा सुपरीवेक्षण समितिको सदस्यमा बहाल रहन नसक्ने अवस्थाः</u>** (१) देहायको अवस्थामा सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको पद रिक्त भएको मानिनेछः

(क) राजिनामा दिएमा वा पदावधी समाप्त भएमा,

(ख) मृत्यु भएमा,

(ग) संस्थाले गरेको कारोबारसँग प्रतिस्पर्धा हुने गरी कारोबार सञ्चालन गरेको प्रमाणित हुन आएमा,

(घ) यस विनियममा भएको व्यवस्था बमोजिम सदस्यता समाप्त भएमा,

(ङ) समितिको कुनै सदस्य सोही संस्थाको कर्मचारी भई काम गरेमा,

(च) बिना सूचना लगातार तीन पटक सम्म बैठकमा अनुपस्थित भएमा,

(छ) ६ महिना भन्दा बढी अवधिका लागि निरन्तर बस्ने गरी विदेश गएमा,

(ज) अन्य सहकारी संस्थाको सञ्चालक वा कुनै समिति, उपसमितिको पदाधिकारी तथा सल्लाहकार वा समान प्रकृतिको सहकारी संस्थाको शेयर सदस्य भएको प्रमाणित भएमा,

(झ) संस्थाको सञ्चालक समिति, लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरुले लिएको कर्जाको ३ महिनाभन्दा बढी अवधिले भाखा नाघेमा निज स्वतः पदबाट मुक्त हुनेछ।

(ञ) अध्यक्ष बाहेक सदस्यहरुले अध्यक्ष समक्ष दिएको राजिनामा स्वीकृत भएमा र अध्यक्षको हकमा साधारण सभाले स्वीकृत गरेमा ।

(२) उपरोक्त बमोजिम निर्णय लिनु अघि सम्बन्धित पदाधिकारीलाई सफाईको मौका दिनु पर्नेछ।

**<u>४२. उपसमितिहरुको गठनः</u>** समितिले संस्थाको कामलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार उपसमितिहरु गठन गर्न सक्नेछ। जस्तैः शिक्षा तथा तालिम उपसमिति, ऋण उपसमिति, ऋण लगानी कार्यदल, महिला उपसमिति, युवा उपसमिति, सदस्य सेवाकेन्द्र उप-समति

(२) उपसमिति गठन गर्दा काम, कार्य सम्पन्न गर्ने अवधि, शर्त सुविधा सहितको कार्यक्षेत्र गत शर्त (TOR) तयार गर्नु पर्नेछ।

(३) ऋण उपसमिति र शिक्षा उपसमितिको सँख्या संयोजक सहित तिन जानको हुनेछ । सल्लाहकार र अन्य उपसमितिहरुको संख्या संचालक समतिको संख्या भन्दा बढि हुनेछैनन। समितिले तोकेको समितिको एक जना सञ्चालक संयोजक र बाँकी सदस्यहरु शेयर सदस्यहरु मध्येबाट मनोनयन गर्नेछ।

(४) उपसमितिहरु बैठक आवश्यकतानुसार बस्न सकिनेछ। संयोजकले उपसमितिको बैठक बोलाउनेछ।

(५) संचालकले आवश्यकता अनुसारको उपसमितिहरु निर्माण गर्न सकिनेछ ।

## परिच्छेद-७
## कार्य संचालन

**<u>४३. उत्तरदायित्व श्रृंखलाः</u>**

संस्थाको कार्य संचालनमा नियुक्त कर्मचारीहरु र उप-समितिहरु संचालक समिति प्रति र संचालक समति साधारण सभा प्रति उत्तरदायि रहने गरी उत्तरदायित्व श्रृंखला कायम गरिनेछ ।

**<u>४४. सञ्चालकहरुको काम कर्तव्य र अधिकारः</u>**

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकारः-**

**क.** समितिको बैठक तथा साधारण सभाको बैठकको अध्यक्षता गर्ने,
**ख.** साधारण सभाबाट स्वीकृत वार्षिक कार्यक्रम तथा निर्णय र सञ्चालक समितिका निर्णयहरुको कार्यान्वयन गर्ने गराउने,
**ग.** संस्थाको चल, अचल सम्पत्तिको रेखदेख, संरक्षण एवं उचित व्यवस्था मिलाउने,
**घ.** सञ्चालकहरुलाई आ-आफ्नो जिम्मेवारी वहन गर्न गराउन सहयोग र समन्वय गर्ने साथै आवश्यक निर्देशन दिने,
**ङ.** सञ्चालकको कुनै सदस्यले दिएको राजिनामा उचित र प्रयाप्त आधारमा स्वीकृत गर्ने,

**च.** संस्थाको काम कारवाहीको सम्बन्धमा आवश्यकता अनुसार अन्य संघ संस्था वा निकायमा संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने गराउने,

**छ.** समितिको बैठक नबसेको अवस्थामा अपरझट कुनै कार्य गर्न आवश्यक भएको र तत्काल उक्त कार्य नभए संस्थालाई हानी नोक्सानी हुने भएमा सो कार्य गरी वा गराई अगामी बैठकमा अनुमोदनको लागि पेश गर्ने।

**ज.** संस्थामा कुनै काम कारवाहीको सम्बन्धमा आवश्यकतानुसारको जाँचबुझ, निरीक्षण गर्ने गराउने,

**झ.** संस्थालाई नेतृत्व प्रदान गर्ने र यसका लागि सदैव सक्रिय रहने,

**ञ.** संस्थाको हित तथा उद्धेश्य प्राप्तिको लागि आवश्यक पहल गर्ने,

**ट.** विनियमका व्यवस्थाहरुको पूर्ण पालना गर्न गराउन तदारुकता देखाउने,

**ठ.** सहकारीका सिद्धान्तहरु र सहकारी ऐन नियम तथा नियमक निकायको निर्देशनहरुको पालना गर्ने गराउने ।

**ड.** नियमक निकाय तथा सहकारीका सम्बन्धित संघबाट गरिने अनुगमन निरिक्षण कार्यमा सहयोग गर्ने एवं प्राप्त निर्देशन र सुझाबहरुको पालना गर्ने गराउने ।

**ढ.** साधारण सभा तथा समितिको बैठकमा कुनै विषयमा मतदान भई मत बराबर भएमा निर्णायक मत दिने ।

**(ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-**

(१) अध्यक्षको काममा सहयोग पुऱ्याउने ।

(२) अध्यक्षले लिखित रुपमा प्रत्यायोजित गरेका वा तोकेका कार्यहरु गर्ने ।

(३) समितिको बैठकमा अन्य सदस्य सरह भाग लिने र निणर्यमा मत दिने ।

(४) साधारण सभा वा समितिको निणर्य अनुसार तोकिएको जिम्मेवारी वहन गर्ने ।

**(ग)सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-**

(१) अध्यक्षको निर्देशानुसार साधारण सभाको अधिवेशन तथा समितिको वैठक बोलाउने,

(२) साधारणसभा तथा समितिद्वारा पारित निणर्यहरु कार्यान्वयन गर्ने, गराउने

(३) साधारणसभाको अधिवेशन र समितिको बैठकको कार्यसूची तयार गर्ने,सूचना निकाल्ने।

(४) वैठकको निणर्य पुस्तिका राख्ने र निणर्यहरु सदस्यहरुलाई पठाउने

(५) साधारणसभा र सञ्चालक समितिबाट भएको निणर्यहरु कार्यान्वयन गर्ने गराउने,

(६) अध्यक्षले तोकेको अन्य काम गर्ने गराउने ।

(७) कर्मचारी प्रशासन सम्बन्धी सम्पूर्ण कार्य गर्ने, गराउने ।

**(घ) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-**

(१) संस्थाको आर्थिक कारोवारको रेखदेख गर्ने,

(२) संस्थाको उद्देश्य प्राप्तिका लागि उपयुक्त लेखा पुस्तिका नियमानुसार दुरुस्त राख्न लगाउने,

(३) साधारण सभामा संस्थाको आर्थिक प्रतिवेदन तथा बजेट पेश गर्ने,

(४) संस्थाको आर्थिक प्रशासन नीति बमोजिमको प्रकृया पूरा भए नभएको एकिन गरी खर्चहरुको स्वीकृती प्रदान गर्ने,

(५) आर्थिक पारदर्शिता कायम गर्ने र गर्न लगाउने,

(६) संचालक समितिमा मासिक रुपमा वित्तीय प्रतिवेदन पेश गर्ने वा गर्न लगाउने,

(७) नगदको परिचालन तथा व्यवस्थापनको अवस्थाको छड्के परीक्षण गर्ने,

(८) सदस्य सेवा केन्द्रहरुको कारोबारको अवस्था तथा लेखाको बेलाबेलामा परीक्षण गरी सुधार गर्न लगाउने,

(९) समय समयमा नगद तथा बैंक मौज्दातको परीक्षण गर्ने।

(१०) संस्थाको कोषमा वृद्धि गर्ने तर्फ प्रयत्नशिल हुने ।

(११) आन्तरिक एवम् अन्तिम लेखापरिक्षण कार्यमा सहयोग गर्ने ।

(१२) संस्थाको चल, अचल सम्पतिको रेखदेख, संरक्षण, सम्बद्र्धन र नियन्त्रण गर्ने ।

(१३) संस्थाको हित तथा उद्देश्य प्राप्तिका लागि अन्य कार्य गर्ने गराउने ।

**(ङ) सञ्चालक सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-**

(१) सञ्चालक समितिको बैठकमा नियमित रुपमा सहभागी हुने ।

(२) संस्थाको हित र विकास कार्यमा आवश्यक सहयोग पु¥याउने ।

(३) निणर्य अनुसार विभिन्न उप समितिहरुमा रही तोकिएको जिम्मेवारी वहन गर्ने ।

(४) बैठकबाट गरिने निणर्यहरु संस्थाको हितका लागि हुनु पर्ने विषयमा सजग रहने ।

(५) सहकारीका सर्वमान्य सिद्धान्तहरु, सहकारी ऐन नियम, संस्थाको स्वीकृत विनियमावली र अन्य नीतिहरुको वर्खिलाप हुने गरी संस्था सञ्चालन हुन नदिने ।

(६) संस्थासँग आवद्ध सम्पूर्ण सदस्यहरुको प्रतिनिधीको रुपमा सदस्यहरुको हित प्रवर्धन हुने काम गर्ने गराउने ।

(७) संचालक समितिले निर्धारण गरेको जिम्मेवारी अनुसारका कार्यहरु गर्ने।

(८) समितिले तोके अनुसार संस्थाको प्रतिनिधित्व गर्ने।

**४५. व्यवस्थापकको नियुक्तिः**

(१) संस्थाको कारोबारलाई व्यवस्थित रुपमा सञ्चालन गर्न तोकिएको योग्यता भएको समक्ष व्यक्तिलाई खुला प्रतिस्पर्धाद्वारा संस्थाको कर्मचारी सेवा सुविधा सम्बन्धी आन्तरिक कार्यविधि अनुसार समितिले व्यवस्थापक नियुक्त गर्नेछ।

**४६. व्यवस्थापकको काम, कर्तव्य र अधिकारः** (१) व्यवस्थापकको काम, कर्तव्य र अधिकार देहाय बमजिम हुनेछः

**क.** संस्थाको आर्थिक तथा प्रशासनिक कार्यको पूर्ण जिम्मेवारी बहन गर्ने,

**ख.** संस्थाको सदस्यता आवेदन फारमहरु संकलन एवं विवरण तयार गरी समितिमा प्रस्तुत गर्ने र आवश्यक सूचनाहरु उपलब्ध गराउने,

**ग.** साधारण सभा ,समितिका सबै बैठकहरुमा भाग लिने र निर्णय लिने कामका लागि सदस्यहरुलाई आवश्यक सूचना उपलब्ध गराउने,

**घ.** वार्षिक योजना तथा बजेट तयार गरी समिति समक्ष पेश गर्ने,

**ङ.** समिति र साधारण सभाका बैठकहरुको सूची तयार गर्ने,

**च.** संस्थाको सदस्यहरुलाई शैक्षिक एवं तालिम कार्यक्रमको योजना बनाई शिक्षा उपसमिति मार्फत सञ्चालन गर्न सहयोग पुर्याउने,

**छ.** संस्थाको सबै कर्मचारीहरुको कामकारवाहीहरु सुचारु रुपमा सञ्चालन गराउने र कर्मचारी बीच समन्वय गर्ने,

**ज.** समितिले तोकेको काम गर्ने गराउने,

**झ.** संस्था,स मति तथा शेयर सदस्यप्रति उत्तरदायी हुने,

**ञ.** जनसम्पर्कका अन्य कामहरु गर्ने , गराउने,

**ट.** संस्थाको ऋण उपसमितिको सिफरिसमा ऋण लगानी गर्ने र ऋण लगानी उपसमितिले आफनो सिफारिसको जिम्मेवारी वहन गर्नु पर्ने छ।

**ठ.** संस्थाका सबै कर्मचारीहरुको कार्यविवरण तयार गरी कार्यान्वयन गर्ने गराउने। संस्थाका सबै कामहरु सुचारु रुपमा संचालन गर्न गराउन नेतृत्व गर्ने, कामको सुपरिवेक्षण गर्ने, कर्मचारी बीच समन्वय गर्ने, कार्य सम्पादनको मूल्यांकन गर्ने गराउने, कामको मूल्यांकनको आधारमा कर्मचारीहरुलाई पुरस्कृत वा सजाय गर्ने आदि,

**ड.** साधारण सभा र संचालक समितिको नीति, निर्देशन एवं निर्णय र नियमनकारी निकायको निर्देशन कार्यान्वयन गर्ने गराउने,

संस्थाको व्यवस्थापन चुस्त राख्न वित्तिय विश्लेषण र अनुगमनको लागि Pearls तथा अन्य बिभिन्न अनुगमन पद्धतिहरुको अवलम्बन गर्ने । यसका लागि संस्थाका संचालक, लेखा समितिका पदाधिकारी र कर्मचारी लाई आवश्यकता अनुसार तालिममा सहभागी गराउने व्यवस्थाका लागि पहल गर्ने,

**ढ.** समिति, उप-समितिका पदाधिकारी, सदस्य एवं कर्मचारीको ज्ञान, सीप र काममा रुची बढाउन तालिम एवं अध्ययन भ्रमणको कार्यक्रमको योजना बनाई स्वीकृतिको लागि पेश गर्ने ।

**<u>४७. विशेष जिम्मेवारीः</u>**

(१) समिति, अध्यक्ष र व्यवस्थापकले यस विनियममा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारका साथै सम्पत्ति शुद्धिकरण निवारण कानुनअन्तरगत संस्थाले सम्पादन गर्नुपर्ने कार्यहरु सम्पादन गर्ने, गराउने जिम्मेवारी समेत बहन गर्नुपर्नेछ।

**<u>४८. कर्मचारीको नियुक्ति तथा सेवा शर्तः</u>**

(१)कर्मचारीहरुको नियुक्ती तथा सेवा सुविधा तथा सर्त सम्बन्धि ब्यवस्था संचालकले स्विकृत कर्मचारी संरचनाको भित्र रही कार्यविधि बनाई लागु गर्नेछ ।

## परिच्छेद-८
## कोषको व्यवस्था

**<u>४९. संस्थाको कोषः</u>**

(क) संस्थाको कोषमा देहाय बमोजिमकोरकम रहनेछः-

(१) सेयर बिक्रीबाट प्राप्त रकम,

(२) बचतको रुपमा प्राप्त रकम,

(३) ऋणको रुपमा प्राप्त रकम,

(४) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(५) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ-संस्थाबाट प्राप्त अनुदान वा सहायताको रकम,

(६) व्यवसायिक कार्यबाट आर्जित रकम,

(७) सदस्यता प्रवेश शुल्क,

(८) संस्थाको नाममा प्राप्त हुने अन्य रकम ।

(ख) संस्थाले विदेशी सरकार वा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाबाट ऋण रकम प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनेछ ।

(ग) उपदफा (१) वमोजिम संस्थालाई प्राप्त हुने सवै प्रकारको रकम समितिले निणर्य गरेको कुनै वैंकमा संस्थाको नाममा खाता खोली जम्मा गरिनेछ।

<u>**५०. कोषको उपयोगः**</u>

(क) संस्थाको कोषको उपयोग ऐन, नियमावली तथा यस विनियमका व्यवस्थाहरुको अधिनमा रही संस्थाका उद्देश्यहरु हासिल गर्ने गरी कार्यहरुको संचालनका लागि गरिनेछ ।

(ख) संस्थाको कोषको रकम कुनै कम्पनीको शेयर खरिद गर्न वा निजि फर्म, विद्यालय, कलेज, नर्सिङ्ग होम वा नाफामा सहभागी हुने खालको उद्योग, व्यवसाय वा अन्य आयोजनामा लगाइने छैन । यस प्रकारका लगानी भएको अवस्थामा तिन आर्थिक बर्ष भित्र फरछौट गरिसक्नेछ ।

<u>**५१. कोषको सुरक्षाः**</u> (१) कोषको सम्पूर्ण जिम्मा खाता सञ्चालकहरुमा रहनेछ।

(२) कोषको रकम झिक्दा संस्थाको स्वीकृत विनियम बमोजिम स्पष्ट निर्णय भएको कामको लागि हुनुपर्दछ। रकम चलनमा ल्याउने आधारहरु कानुन सम्मत हुनुपर्दछ।

(३) संस्थाको सम्पत्ति व्यक्तिगत प्रयोजनमा झिक्न वा प्रयोग गरिएको पाएमा अख्तियार दुरुपयोग गरेको मानिनेछ।

(४) कोषको सुरक्षाको लागि संस्थाले प्रचलित कानून बमोजिम आवश्यकता अनुसार शेयर, बचत र ऋण लागनी जस्ता रकमको सुरक्षणका लागि बिमा गर्न सक्नेछ।

<u>**५२. खाता सञ्चालनः**</u> (१) संस्थाको खाता संचालन अध्यक्ष, कोषाध्यक्ष र व्यवस्थापकको संयुक्त दस्तखतमा वा समितिले तोके बमोजिम हुनेछ ।

<u>**५३. बचतको विवरणः**</u> (१) संस्थाको कुनै वर्षको खुद बचत रकमबाट कम्तीमा २५ प्रतिशत जगेडा कोषमा जम्मा गरिनेछ।

(२) उपदफा (१) बमोजिम जगेडा कोषमा सारेर बाँकी रहेको रकमलाई शत प्रतिशत मानी सो बाट कम्तीमा २५ प्रतिशत रकम संरक्षित पुंजी फिर्ता कोष र ०.५ प्रतिशतले हुन आउने रकम सहकारी प्रवर्धन कोषमा छुट्याईनेछ।

(३) उपदफा (२) बमोजिम छुट्टाएर बाँकी रहेको रकमलाई शत प्रतिशत मानी देहाय बमोजिमका कोषहरुमा देहाय बमोजिम रकम छुट्टयाई वितरण तथा उपयोग गरिनेछ।

**क.** शेयर लाभांस कोष -६० प्रतिशत
**ख.** सहकारी विकाश कोष -५ प्रतिशत
**ग.** सहकारी शिक्षा कोष -५ प्रतिशत
**घ.** कर्मचारी वोनस कोष -१० प्रतिशत
**ङ.** घाटापुर्ती कोष -५ प्रतिशत
**च.** सामुदायिक विकास कोष -५ प्रतिशत
**छ.** स्थिरीकरणकोष -५ प्रतिशत
**ज.** अन्य जोखिम व्यवस्थापन कोष -५ प्रतिशत

**५४. जगेडा कोषः** (१) जगेडा कोषमा देहाय बमोजिमका रकम रहनेछः

**क.** आर्थिक वर्षको खुद बचत रकमको कम्तीमा २५ प्रतिशत रकम,
**ख.** पुँजिगत अनुदान रकम,
**ग.** स्थिर सम्पत्ति बिक्रिबाट प्राप्त रकम,
**घ.** अन्य श्रोतबाट प्राप्त रकम।

**५५. संरक्षित पुँजी फिर्ताः**
(१) दफा ५३ को उपदफा (२) मा उल्लेखित संरक्षित पुँजी फिर्ता कोषबाट नियमावलीबमोजिम कारोबारको आधारमा अनिर्वार्य रुपमा यस कोषको रकम वितरण गरिनेछ।

**५६. लाभांश वितरण नगरिनेः**
कुनै वर्षको सेयर लाभांस सदस्यले खरिद गरेको सेयर रकमको १५ प्रतिशत भन्दा बढी हुने गरी वितरण गरिने छैन।

**५७. जगेडा कोषमा रकम सार्नुपर्नेः** (१) दफा ५३ बमोजिम विभन्न कोषको रकमलाई प्रत्येक वर्ष उक्त कोषको उद्देश्य अनुसार पुरै वितरण वा उपयोग गरिनेछ।

(२) दफा ५३ को उपदफा (२) को संरक्षित पुँजी फिर्ता कोष र उपदफा (३) को खण्ड (ग) र (ङ) बाहेकको कोषमा बाँकी रहेको रकम प्रत्येक वर्ष जगेडा कोषमा सारिनेछ।

## परिच्छेद ९
## बचत तथा ऋणको परिचालन

**५८. बचत सङ्कलन गर्न सक्नेः** (१) संस्थाले ऐन, नियमावली, राष्ट्रिय सहकारी नियमन प्राधिकरणको समय समयमा आउने मापदण्ड, यस विनियमका व्यवस्था र साधारण सभाबाट स्वीकृत बचत परिचालन कार्यविधिका सर्त अनुरुप सदस्यहरुबाट बचत सङ्कलन गर्न सक्नेछ।
(२) संस्थाको बचत परिचालन सम्बन्धि आन्तरिक कार्यविधिमा विनियममा भएका व्यवस्थाका साथै देहायका सर्तहरु समावेश गरिनेछः

**क.** संस्थाको सदस्यता प्राप्त गरेको मिति देखि संस्थामा नियमित रुपमा आफुले कबुल गरेको रकम बचत गर्नु पर्नेछ । यस्तो नियमित बचत किस्तावन्दी वा अग्रिम रुपमा पनि जम्मा गर्न सकिनेछ

। बचत गर्नुको उद्देश्य मितब्ययी हुने बानी बसालेर अड्कोफड्को टारी ऋणबाट बच्नुका साथै जायजेथा जोड्न सक्ने हुनुपर्ने,

**ख.** सदस्यहरुबाट मात्र बचत संकलन गर्नुपर्ने,

**ग.** सदस्यहरुको बचत खातामात्र खोल्न सकिने,

**घ.** सदस्यहरुले संस्थामा आई बचत जम्मा गर्नुपर्ने, संस्थाले बजार प्रतिनिधि वा अन्य कुनै नामको प्रतिनिधि, अभिकर्ता सदस्यहरुको घरघरै खटाएर बचत उठाउन नहुने, तर कर्मचारीहरुले आकस्मिक तथा नियमित सेवा अन्तरगत सदस्यहरुको घरघरमा गईसेवा प्रदान गर्न बाधा नपर्ने ।

**ङ.** ऐनबमोजिम तोकिएको सन्दर्भ व्याजदरअनुसार बचत तथा ऋणको व्याजदर निर्धारण हुने र सदस्यले आफ्नो सुविधा अनुसार ३ महिना भन्दा बढी र ३ बर्ष सम्मको समयको लागि जतिसुकै रकम पनि आवधिक बचत खाता खोली जम्मा गर्न सक्नेछ ।

**(च)** संस्थाले साधारण बचत(ऐच्छिक), नियमित प्रकारको धन सिर्जना गर्ने खालको बचतहरु र आवधिक बचतहरु सदस्यहरुबाट लिन सक्नेछ। सदस्यहरुलाई बचत गर्ने बानिको बिकाश गर्दै नियमित रुपमा सदस्यहरुले गर्ने बचतहरु कुल बचतको कम्तिमा २५ प्रतिशत बनाईनेछ ।

## ५९. बचत संकलनमा सिमाः

(१) संस्थाको जम्मा बचत दायित्व प्राथमिक पुँजी कोषको १५ गुणाभन्दा बढी हुने छैन। प्रति सदस्य बचतको सिमा प्राथामिक पुँजीकोषको दश प्रतिशत सम्म हुनेछ। प्राथमिक पुँजी कोषको गणना गरि कुल बचतको सिमा र प्रतिब्यक्ति बचतको सिमा श्रावण १ गते र फाल्गुण १ गते गरि दुई पटक नियमनकारी निकाय र सदस्यहरुलाई जानकारी प्रदान गर्नुपर्नेछ ।

## ६०. ऋण दिन सक्नेः

(१) सदस्यता लिएर संस्थामा बचत जम्मा गर्न थालेको तीन महिना व्यतीत भएपछि मात्र उक्त सदस्य ऋण लगानीको लागी योग्य हुनेछ ।

(२) संस्थाले तरलताको लागि कम्तीमा निक्षेपको १५ प्रतिशत वा नियमनकारी निकाय, रजिष्ट्रारले तोकिदिएको सीमा सम्मको रकम छुट्याएर कर्जा लगानी सम्बन्धी आन्तरिक कार्यविधि अनुसार कर्जा प्रदान गरिनेछ।

(३) संस्थाले प्रति सदस्य प्राथमिक पुँजीकोषको १५ गुणा सम्म ऋण लगानी गर्न सक्नेछ ।

## ६१. ऋण प्रवाहमा सीमाः

(१) संस्थाको आन्तरिक कार्यविधि वा साधारण सभाको निर्णय बमोजिमको अधिकतम सीमासम्मको रकम मात्र सदस्यलाई कर्जा प्रदान गरिनेछ। तर, संस्थाको अधिकतम कर्जा सीमा प्राथमिक पुँजीकोषको १५ प्रतिशत भन्दा बढी हुने छैन।

(२) संस्थाले एकै शीर्षकमा वा एकै क्षेत्रमा मात्र ऋण लगानी गर्न पाउने छैन ।

(३) ऋण लगानी गर्दा कुल ऋण लगानीको कम्तिमा ५१ प्रतिशत रकम आयआर्जन हुने प्रकारको शिर्षकमा ऋण लगानी गर्नुपर्नेछ ।

## ६२. छुट तथा हर्जना

नियमित रुपमा ऋणको साँवा ब्याज भुक्तान गर्दा सदस्यहरुलाई प्रोत्साहीत गर्न संस्थाले नीति बनाई वा संचालक समितिले तोके बमोजिम छुट प्रदान गर्नसक्नेछ। व्याज पुँजीकरण नगरिने तथा व्याज गणना गर्दा तिर्न बाँकी सावाँ रकमको आधार लिइने तर भाखा नाघेको खण्डमा वार्षिक ३ प्रतिशतसम्म हर्जाना लिन सकिनेछ। तर संस्था संग गरेको सम्झौता बमोजिम ऋण नतिर्दा नियमित ब्याजदर भन्दा अधिकतम १ प्रतिशतले थप ब्याज लिन बाधा पर्नेछैन ।

**६३. ऋणबाहेकको प्रयोजनमा बचतको रकम लगाउन नहुने:**

(१) संस्थाले संकलन गरेको बचतको रकम सदस्यलाई ऋण दिने बाहेक अन्य कुनै प्रयोजनमा लगाईने छैन। तर, यसमा लेखिएको कुनै कुराले बचतको रकम तरलताबापत नगदै राख्न वा नेपाल राष्ट्र बैङ्कले जारी गरेको ट्रेजरी बिल वा विकास ऋणपत्र खरिदमा उपयोग गर्न बाधा पर्ने छैन।

**६४. साधारण सभाको स्वीकृति लिनुपर्ने:**

(१) समितिले देहायका विषयमा दर्ता गर्ने अधिकारीले तोकिदिएको मापदण्डको प्रतिकुल नहुने गरी सधारण सभाको स्वीकृति लिनुपर्नेछः

**क.** लगानीमा रहेको ऋण मिनाहा दिनुपर्दा, अपलेखन गर्नुपर्दा वा ऋणका सर्त बन्देजहरु फेर्नु पर्दा,

**ख.** संस्थाको स्व-प्रयोजनका लागि जग्गा, घर लगायतका अलत सम्पत्ति खरिद गर्नुपर्दा,

**ग.** समितिका पदाधिकारीको सुविधा तथा व्यवस्थापकको तलव वा सुविधा बढाउनुपर्दा।

## परिच्छेद १०
## कारोबारमा सीमाङ्कन

**६५. सदस्य केन्द्रीयता:**

(क) संस्थाले देहायबमोजिम गरी व्यावसायिक सेवामा सदस्य केन्द्रीयता कायम गर्नेछः

(१) बचत परिचालन सेवामा बचत सङ्कलन र ऋण लगानी दुवै पुर्ण रुपमा सदस्यहरूमै सीमित गरेर,

(२) संस्थाको नीति तथा कार्यविधि निर्माण तथा योजना निर्माणमा सदस्यहरुको सक्रियतामा वृद्धि गरेर,

(३) संस्थाको सेवा उपयोगमा सदस्यहरुको सक्रियता कायम गरेर।

**६६. स्थार्थ बाझिने निणर्यमा सहभागितामा प्रतिवन्धः**

(१) सञ्चालकहरु, लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरु र कर्मचारीहरु स्वार्थ बाझिने निर्णयमा सहभागी हुनु हुँदैन। यसरी जानिजानि सहभागी भएमा कानून बमोजिम कारबाही हुनेछ।

**६७. कर्मचारीसँगको कारोबारमा निर्बन्धन:**

(१) संस्थाका कर्मचारी र संस्थाबीचको कारोबार नियमनकारी निकाय वा रजिष्ट्रारबाट जारी भएको निर्देशन बमोजिम निर्बन्धित हुनेछ।

**६८. जोखिम मूल्याङ्कन:**

(१) संस्थाले सदस्यता प्रदान गर्दा वा कारोबार गर्दा नियामक निकायबाट जारी भएको सम्पत्ति शुद्धिकरण निवारण निर्देशनबमोजिम जोखिम मूल्याङ्कन गरिनेछ।

**<u>६९. कारोबार नगरिनेः</u>**

(१) सम्पत्ति शुद्धिकरण निवारण कानुनअन्तर्गत नियामक निकायबाट जारी भएको निर्देशनका व्यवस्थाविपरीत संस्थाबाट कसैसँग कुनै कारोबार गरिने छैन।

## परिच्छेद-११
## अभिलेख

**<u>७०. कारोबारको लेखाः</u>**

संस्थाको आर्थिक कारोबारको लेखा नेपाल सरकारले तोकेको लेखामान एवं खाता संरचना बमोजिम राखिनेछ ।

**<u>७१. खाताबहीः</u>** (१) संस्थाले देहायबमोजिमको विद्युतिय खाताबही राख्नेछः

**क.** सदस्य दर्ता किताव,
**ख.** प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा, विशेष साधारण सभा, समिति, लेखा समिति र उपसमितिहरुको छुट्टाछुट्टै निर्णय पुस्तिकाहरु,
**ग.** नगद वहीखाता,
**घ.** संस्थाले अरु कुनै व्यक्ति वा सघं संस्था सँग कुनै कारोवार गरेको भए सो कारोवारको देखाउने किताब,
**ङ.** शेयर दर्ता किताब,
**च.** ऋण लिएको व्यहोरा देखिने दर्ता किताब,
**छ.** बेरुजू एवं सम्परीक्षण किताब,
**ज.** व्यक्तिगत खाता,
**झ.** सदस्यहरुको व्यक्तिगत बचत खाता,
**ञ.** जिन्सी दर्ता किताब,
**ट.** सहकारी सिद्धान्त अनुसार आम्दानी, खर्च सम्पत्ति र दायित्व देखिने खाताहरु,
**ठ.** समय समयमा समिति, नियमनकारी निकाय वा रजिष्ट्रारले तोकिदिएको अन्य अभिलेख एवं खाताहरु।

**<u>७२. आन्तरिक हिसाब जाँचः</u>**

(क) संस्थाको लेखा सुपरीवेक्षण समितिले त्रैमासिक रुपमा हिसाब परीक्षण गरी सोको लिखित प्रतिवेदन संचालक समितिलाई बुझाउनेछ ।

(ख) लेखा सुपरीवेक्षण समितिलाई आन्तरिक परीक्षणमा सहयोग गर्नका लागि लेखा सुपरीवेक्षण समितिले माग गरेमा सञ्चालक समितिले आन्तरिक लेखा परीक्षक नियुक्ति गर्नुपर्नेछ ।

**<u>७३. वार्षिक हिसाब जाँचः</u>**

(क) संस्थाले प्रत्येक वर्षको हिसाब-किताबको लेखापरीक्षण आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र साधारण सभाले नियुक्त गरेका दर्तावाल लेखापरिक्षकबाट गराउनेछ ।

(ख) लेखापरीक्षकले लेखापरीक्षण सम्बन्धी प्रतिवेदन वार्षिक साधारणसभा समक्ष प्रस्तुत गर्नेछ ।

(ग) लेखापरीक्षकको पारिश्रमिक साधारण सभाले तोके बमोजिम हुनेछ ।

(घ) एउटै लेखापरीक्षकलाई लगातार तीन पटक भन्दा बढी नियुक्ति गर्न सकिने छैन ।

(ङ) संस्थाको सदस्य, संचालक समिति, लेखा सुपरीवेक्षण समिति र प्रमुख कार्यकारी अधिकृत तथा उच्च व्यवस्थापनको एकाघर परिवारको लेखा परिक्षकबाट संस्थाले लेखा परीक्षण गराउने छैन ।

**७४. विद्युतीय प्रणालीको प्रयोग गर्दा जोखिम मूल्यांकन गर्नुपर्नेः**

(१) संस्थामा विद्युतीय लेखा प्रणालीको प्रयोग गर्दा सम्पत्ति शुद्धीकरण जोखिम मूल्यांकन गरी दर्ता गर्ने अधिकारीको पूर्व-स्वीकृत लिईनेछ।

**७५. अन्य आधारभुत कागजातः**

(१) संस्थाको कारोबारलाई प्रभावकारी व्यवस्थापन गर्नको लागि आवश्यक अन्य आधारभुत कागजातहरु तयार गरी सुरक्षित राखिनेछ।

## परिच्छेद-१२
## प्रतिवेदन

**७६. एकीकृत सूचना प्रणालीमा आवद्धताः**

(१) समितिले संस्थाका सम्पूर्ण वित्तीय तथा व्यवस्थापकीय सूचना नियामक निकायबाट स्थापित सहकारी सूचना प्रणालीमा एकीकृत गरी निरन्तर तत्काल (रियल टाईम) अद्यावधीकरण गर्ने व्यवस्थासमेत मिलाउनुपर्दछ। तर, यसमा लेखिकएको कुनै कुराले संस्थाको प्रचलित कानून बमोजिम गोप्य राख्नुपर्ने सूचना अलग्गै संरक्षण गर्न बाधा पुऱ्याएको मानिने छैन।

**७७. नियामक निकाय, रजिष्ट्रार वा रजिष्ट्रारबाट प्राप्त अधिकारीसमक्ष प्रतिवेदनः**

(१) संस्थाले महिना समाप्त भएको मितिले ७ दिन भित्र ऐनमा व्यवस्था भए बमोजिमका देहाएका प्रतिबेदनहरु रजिष्ट्रार समक्ष पेश गरिनेछ ।

(क) नियामक निकायलाई बुझाउनु पर्ने मासिक प्रतिवेदन,

(ख) सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी सहकारी संघ संस्थालाई जारी गरिएको निर्देशन, २०७४ बमोजिमको चौमासिक प्रतिवेदन,

(२) संस्थाले सम्पन्न गरेको प्रत्येक साधारण सभाको निणर्य सहितको प्रतिवेदन साधारण सभा सम्पन्न भएको मितिले १५ दिन भित्र नियामक निकाय वा रजिष्ट्रार लाई पेश गर्नेछ ।

(३) श्रावण १ गते र माघ १ गते प्राथमिक पुँजी गणना तथा बचतको सिमा निर्धारण गरि सदस्य तथा नियामक निकायलाई जानकारी प्रदान गर्नुपर्नेछ ।

(४) धितो सकार गरेको सम्पत्तिको विवरण, संस्थाको ऋण बर्गीकरण र ऋण नोक्सानी ब्यवस्था सम्बन्धि विवरण हरेक त्रयमास समाप्त भएको १५ दिन भित्र नियमनकारी निकायमा पेश गर्नुपर्नेछ।

(५) संस्थाले तरलत सम्पत्तिको विवरण हरेक महिना समाप्त भएको सात दिनभित्र नियमनकारी निकायमा पेश गर्नुपर्नेछ ।

(६) बचत तथा ऋणको ब्याजदर, ब्याज गणना विधि, हर्जना लगाउने विधि र सेवा शुल्कसम्बन्धी विवरण प्रत्येक त्रयमास समाप्त भएको १५ दिनभित्र सम्बन्धित नियमनकारी निकायमा पेश गर्नेछ ।

(७) संस्थाले प्रत्येक त्रयमास समाप्त भएको एक महिना भित्र पुँजीकोष सम्बन्धि विवरण र जोखिम भारित सम्पत्ति विवरण तयार गरि नियमनकारी निकायमा पेश गर्नेछ ।

प्रचलित सहकारी कानून बमोजिम रजिष्ट्रार समक्ष पेश गर्नुपर्ने सम्पूर्ण प्रतिवेदनहरु तोकिएको समयभित्र नै पेश गरिनेछ।

**<u>७८. वित्तीय जानकारी एकाइमा प्रतिवेदनः</u>** (१) सम्पत्ति शुद्धिकरण निवारण कानून बमोजिम वित्तीय जानकारी एकाईमा प्रतिवेदन गर्नु पर्ने कारोबारको प्रतिवेदन नियमित रुपमा निर्धारित समयभित्रै पठाइनेछ।

**<u>७९. साधारण सभामा जानकारी गराउनुपर्नेः</u>** (१) अध्यक्ष वा प्रतिनिधिले देहायका विषयको संक्षिप्त व्यहोरा सहितको जानकारी लगत्तै बस्ने साधारण सभामा गराउनु पर्नेछः

**क.** संस्थाले सदस्यता लिएको सहकारी संघ वा बैङ्क बाट भएका निर्णयहरु,

**ख.** कुनै निकायबाट संस्थालाई प्राप्त वित्तीय वा गैरवित्तीय सहयोगको रकम वा प्रतिवद्धता र

**ग.** दर्ता गर्ने अधिकारी वा प्रचलित कानून बमोजिम नियामक निकायका तर्फबाट प्राप्त सुझाउ, टिप्पणी वा निर्देशन वा जारी मानदण्ड, निर्देशिका वा नीतिहरु।

**<u>८०. सूचनाको हक तथा संरक्षणः</u>** (१) कुनै सदस्यले संस्थाको आर्थिक अवस्था र कुनै अमुक कारोवार वारेमा जानकारी माग गरेमा सञ्चालक र व्यवस्थापकले त्यस्तो जानकारी वा सो सँग सम्बन्धित विवरण उपलब्ध गराउनु पर्नेछ। तर, सदस्यहरुको व्यक्तिगत खाता कानुन बमोजिम बाहेक गोप्य राखिनेछ। संस्थाको अनुगमन गर्ने अख्तियारी पाएको निकाय वा कर्मचारीले संस्थाका सबै कारोवर जाँच गर्दा एवं थप विवरण माग गरी संस्थाको गतिविधि माथि निगरानी राख्दा सञ्चालक एवं कर्मचारीहरुले सहयोग पुऱ्याउनु पर्नेछ।

## परिच्छेद-१३
## विविध

**<u>८१. हकवालाको मनोनयनः</u>**

(क) सदस्यले हकवाला मनोनीत गर्दा सदस्यता आवेदन फारममा कानुन बमोजिम नाता सम्बन्ध खुलाई एक जना हकवाला मनोनीत गर्नु पर्नेछ ।

(ख) उपदफा (क) बमोजिम हकवाला मनोनीत गर्ने सदस्यले दश कित्ता भन्दा बढी शेयर नलिएको अवस्थामा एउटा व्यक्तिलाई मात्र हकवाला मनोनीत गर्नु पर्नेछ ।

(ग) उपदफा (ख) बाहेकको अवस्थामा कुनै सदस्यले एकजना भन्दा बढी व्यक्तिहरुलाई मनोनीत गरेकोमा त्यस्ता प्रत्येक व्यक्तिलाई हस्तान्तरण हुने शेयर र हकको दामासाही स्पष्ट रुपले लिखतमा खुलाउनु पर्नेछ ।अन्यथा प्रचलित कानुन अनुसार हुनेछ ।

**८२. हक दाबी वा नामसारी:** (१) सदस्यले हकवाला मनोनित गर्दा कम्तीमा दुई जना संस्थाको सदस्यहरुको रोहवरमा लिखित तयारी गरी गर्नुपर्नेछ र लिखितमा मनोनित गर्ने सदस्य र साक्षीहरु समेतको सहीछाप गरेको हुनुपर्दछ ।

(२) उपदफा (१) बमोजिम हकवाला मनोनित गर्ने सदस्यले एकभन्दा बढी शेयर नलिएको अवस्थामा एउटा व्यक्तिलाई मात्र हकवाला मनोनित गर्नुपर्नेछ ।

(३) कुनै सदस्यले उपदफा (२) को अधिनमा रही एकजना भन्दा बढी व्यक्तिहरुलाई मनोनित गरेकोमा त्यस्ता प्रत्येक व्यक्तिलाई हस्तान्तरण हुने शेयर र हकको दामसाही स्पष्ट रुपले लिखतमा खुलाउनु पर्नेछ। अन्याथा प्रचलित कानुन अनुसार हुनेछ ।

**८३. निर्वाचन:**

(१) समितिले आफ्नो कार्यवधि समाप्त हुनु अघि नै अर्को समितिको निर्वाचन गराउनु पर्नेछ।

(२) निर्वाचन उपसमितिले प्रत्यक्ष रुपमा प्रजातान्त्रिक प्रक्रियाबाट निर्वाचन सम्पन्न गर्नुपर्नेछ।

(३) नियामक निकायबाट प्रतिनिधि खटाइएकोमा नियामक निकायको प्रतिनिधिले नै सामान्यतया निर्वाचन उपसमितिको संयोजकको रूपमा काम गर्नुपर्नेछ ।

(४)नियामक निकायबाट प्रतिनिधि माग नगरिएको वा गरिएको भए तापनि नियामक निकायबाट प्रतिनिधि नखटाइएकोमा समितिले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहमा कार्यरत कर्मचारी, विद्यालयका बहालवाला स्थायी शिक्षक वा नेपाल बार एसोसियसनको सदस्य रहेको कानून व्यवसायीलाई निर्वाचन उपसमितिको संयोजक नियुक्त गर्न सक्नेछ। तर संस्थाको कानूनी सल्लाहकार वा वर्तमान समितिको कार्यावधिमा संस्था पक्ष वा विपक्ष भएको मुद्दाको पक्ष वा विपक्षमा बहसमा संलग्न रहेको कानून व्यवसायीलाई निर्वाचन उपसमितिको संयोजकमा नियुक्त गर्न हुँदैन ।

(५) निर्वाचन प्रक्रियको सम्पूर्ण कागजातहरु जस्तैः सुचना, निर्णय, मनोनयन फारम लगायतका प्रमाण तथा कागजातहरु सुरक्षित साथ राख्ने जिम्मेवारी निर्वाचित सञ्चालक समितिको हुनेछ।

(६) निर्वाचन उपसमितिले निर्वाचित पदाधिकारीलाई निर्धारित ढाँचामा प्रमाणपत्र प्रदान गर्नेछ र सथप ग्रहण गराउनेछ।

(७) निर्वाचन उपसमितिको काममा संस्थाले आवश्यक श्रोत साधान र जनशक्ति उपलब्ध गराउनेछ।

(८) निर्वाचन सम्बन्धी अन्य व्यवस्था प्रचलित सहकारी कानून बमोजिम हुनेछ।

**८४. शपथ ग्रहण:**

संचालक समिति र लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरुले तोकिए बमोजिम शपथ लिनुपर्नेछ । शपथ ग्रहण अनुसूचि-३ मा तोकिएको ढाँचा बमोजिम हुनेछ ।

**८५. एकीकरण वा विभाजन:**

(क) संस्थाको साधारणसभाको दुईतिहाई सदस्यको वहुमतले संस्था एकीकरण वा विभाजन गर्ने निणर्य गरेमा संस्थाको एकीकरण वा विभाजन गर्न सकिनेछ ।

(ख) संस्थाको साधारणसभाको कुल सदस्य संख्याको दुईतिहाई सदस्यको वहुमतले संस्था विघटन गर्न निणर्य गरेमा संस्थाको विघटन हुनेछ । संस्थाको एकीकरण तथा विघटन प्रचलित सहकारी कानून बमोजिम हुनेछ।

**८६. कार्यान्वयन अधिकारीः**

(क) समितिले सम्पत्ति शुद्धीकरण निवारण कानुनबमोजिम अधिकृत स्तरको कर्मचारीलाई कार्यान्वयन अधिकारी तोक्नेछ ।

(ख) उपदफा (१) बमोजिम कार्यान्वयन अधिकारी नतोकिएसम्म प्रमुख कार्यकारी अधिकृत वा व्यवस्थापकले नै कार्यान्वयन अधिकारीको रूपमा कार्य गर्नेछ ।

**८७. मध्यस्थताः** (१) संस्थाको कुनै प्रकारको विवाद समाधान गर्ने कार्यमा जिल्लाको जिल्ला सहकारी संघ वा सम्बन्धित जिल्ला विषयगत सहकारी संघ वा माथिल्लो सहकारी संघहरुसँग आवश्यकता अनुसार मध्यस्थताको लागि अनुरोध गर्न सक्नेछ।

**८८. समानता र समताः**

(क) संस्थाको कार्यसञ्चालनका समस्त प्रक्रियाहरूमा सदस्यहरू माझ आर्थिक योगदान वा अन्य कुनै आधारमा भेदभाव नगरी समान हैसियतमा सहभागी हुने अवसर प्रदान गरिनेछ ।

(ख) लैङ्गिक विभेदका कारण आम रूपमा न्यून भइरहेको नेतृत्व पङ्क्तिमा महिला उपस्थिति बढाउनका साथै सञ्चालकीय भूमिकामा अपाङ्गता भएका वा लक्षित समुदायका सदस्यहरूलाई प्रोत्साहन दिनको लागी समतामूलक व्यवस्थाहरू गरिनेछन् ।

**८९. विनियम संशोधनः**

संस्थाको कूल सदस्य संख्या मध्ये कम्तीमा ५१% उपस्थित भएको साधारणसभामा दुई तिहाई सदस्यहरुको निणर्यबाट संस्थाले आफ्नो विनियम संशोधन गर्न सक्नेछ । यसरी संशोधन भएको विनियम ऐन बमोजिम रजिष्ट्रारले स्वीकृति दिएपछि लागू हुनेछ ।

**९०. साधारण सभाले कार्यविधि बनाउन सक्नेः**

संचालक समितिले संस्थामा आवश्यक पर्ने बिभिन्न निर्देशिका तथा कार्यबिधिहरु बनाई लागु गर्न सक्नेछ तर त्यसरी बनाईएको निर्देशिका तथा कार्यबिधिहरु साधारण सभामा स्विकृति एवम् संसोधनका लागि पेशगर्नु पर्नेछ ।

**९१. सदस्यता लिनुपर्नेः**

परिवर्तित सहकारी ऐन बमोजिम निम्न लिखित नियमनकारी निकायमा आवश्यकता अनुसार सदस्यता लिई कार्य गर्न सकिनेछ ।

क) राष्ट्रिय सहकारी नियमन प्राधिकरण

ख) कर्जा सुचना केन्द्र

ग) बचत सुरक्षण कोष

घ) स्थिरिकरण कोष

ङ) ऋण असुली न्यायधीकरण (आवश्यकता पर्दा मात्र)

**९२. व्याख्या गर्ने अधिकारः**

यस विनियमको व्याख्या गर्ने अधिकार रजिष्ट्रारलाई हुनेछ।

**९३. ऐन, नियमावलीसँग बाझिएकोमा अमान्य हुनेः**

(क) यस विनियममा उल्लेखित कुनै व्यवस्थाहरु सहकारी ऐन, नियम र सिद्धान्तसंग बाझिने भएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

(ख) यस विनियममा उल्लेख नभएका विषयहरुको बारेमा सहकारी ऐन, नियम र सिद्धान्त बमोजिम स्थाको काम कारवाही संचालन गरिनेछ ।

**९४. विविधः**

सूचनाको हक तथा अग्रतापूर्ण खुलासाः

(क) संस्थाका गोपनियता राख्नुपर्ने बाहेकको सुचना प्राप्त गर्नु सदस्यको हक हुनेछ ।

(ख) संस्थाका गोपनियता राख्नुपर्ने सुचनाहरु बाहेक सबै सुचनाहरु सदस्यहरु समक्ष विभिन्न माध्यमहरु जस्तैः- बिद्युतीय साधन, सुचनापाटी, ब्रोसर, प्रतिवेदन पुस्तिका, क्यालेन्डर आदिबाट प्रदान गरिनेछ ।

(ग) सदस्यले संस्थाको हिसाबहरु जस्तै वासलात, हिसाब परीक्षा सूचि, आयविवरणहरु आदि हेर्न चाहेमा जुनसुकै बखत पनि हेर्न सक्नेछ । तर व्यक्तिगत कारोवार सँग सम्वन्धित विवरण सदस्यको लिखित सहमतीमा सम्बन्धित व्यक्तिले मात्र हेर्न सक्नेछ

**९५. बचाउः**

यस विनियम संशोधन सहित पुनर्लेखन गरिएको छ। सगुन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको विनियम २०५७ (संशोधन सहित २०७३) पुनर्लेखन २०८२ बाट भए गरेका कामहरु यसै विनियम बमोजिम भए गरेको मानिनेछ।

**सञ्चालक समितिका पदाधिकारी**

| सि.न. | पदाधिकारीको नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री केशव प्रसाद ढकाल | अध्यक्ष | | |
| २ | श्री राज कुमार उप्रेती | उपाध्यक्ष | | |
| ३ | श्री बिनोद कार्की | सचिव | | |
| ४ | श्री पदमा मोक्तान | कोषाध्यक्ष | | |
| ५ | श्री हरि प्रसाद पुडासैनी | सदस्य | | |
| ६ | श्री टिका जंग थापा | सदस्य | | |

| सि.न. | पदाधिकारीको नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| ७ | श्री शुशिला कुमारी कटुवाल | सदस्य | | |
| ८ | श्री मुखचन्द्र महतो | सदस्य | | |
| ९ | श्री बाल कुमारी थापा खड्का मगर | सदस्य | | |

**स्वीकृत गर्ने कार्यालयको**

अधिकारीको नाम:

पद:

दस्तखत:

मिति:

कार्यालयको नाम:

## अनुसूची - १

## संस्थाको चिन्ह र छाप

नारी र पुरुष सहकार्य गरि आफ्ना सपना रुपि साना साना बचत एक बाकसमा जम्मा गरेको र उक्त बाकस मुनि स्थापना २०५७ हरिऔन सर्लाही लेखिएको सो को माथी गोलाकारमा नेपाली अक्षरमा सगुन बचत तथा ऋण सहकारी र अग्रेजी अक्षरमा Sagun Savings & Credit Cooperative Society Ltd. लाई दुई हातले उचाली एकरुपता प्रणालीको ऐक्यवद्धता स्वरुप अंग्रेजी अक्षर U आकार भित्र माथिबाट दुईपाखे छानोले सुरक्षित रुपमा छोपिएको स्वरुपमा तपशिल अनुसार रहनेछ ।

## अनुसूची - २

## सगुन बचत तथा ऋण सहकारी संस्था लिमिटेड हरिवन - सर्लाही

## शेयर प्रमाणपत्र

सदस्यता नं..  मिति:

श्री ............... को नाति÷नातिनी श्री ..................................................छोरा छोरी श्री ......................................को पतिरपत्नी ......................... जिल्ला ............. पालिका, .....................वडा को ............................... टोलमा बस्ने श्री ..............................................ले रुपैया १०० रुपैंया एक सयका दरले शेयर नम्बर ...........

देखी .......................सम्मको जम्मा ...................कित्ता शेयर बापत जम्मा रु....................अक्षरेपि ..............................मात्र बुझाई यस संस्थाको शेयर खरीद गर्नुभएकोले यो प्रमाणपत्र प्रदान गरिएको छ ।

आधिकारीक दस्तखत मितिः प्रमाणित गर्ने

## अनुसूची - ३
## शपथ ग्रहण

म (नाम....................................) यस संस्थाको सञ्चालक समिति/लेखा सुपरीवेक्षण समिति/ सञ्चालन उप-समितिको ................पदमा निर्वाचित भएकोले मेरो वुद्धि, विवेक एंव क्षमताले भ्याएसम्म आफुले गर्नु पर्ने काम कर्तव्य नित्य रुपमा गोपनीयताका साथ पालना गर्नुका साथै संस्थामा आवद्ध सदस्यहरुको हित एंव विकासका लागि इमान्दारीता, निष्ठापुर्वक एंव पक्षपातरहित भएर कार्य गर्नेछु र निणर्य लिन्छु भनि इश्वरलाइ साक्षी राखी साधारणसभा / सम्वन्धित अधिकारी समक्ष सत्य निष्ठापुर्वक शपथ लिन्छु ।

| पद ग्रहण गर्ने पदाधिकारीको | शपथ गराउने अधिकारीको |
|---|---|
| (क) नामः | (क) नामः |
| (ख) दस्तखतः | (ख) दस्तखतः |
| (ग) मितिः | (ग) मितिः |
| (घ) पदः | (घ) पदः |

इति सम्वत् .......... साल .......... महिना ...... गते रोज ........ शुभम्